# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २०८ | काठमाडौं | आइतबार, ०९ मंसिर २०८१ | Prabhab National Daily | Sunday, November 24, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**बालविवाह मुक्त समाज निर्माण गरौं**

- बालविवाह सामाजिक र कानूनी अपराध हो,
- बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो,
- तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ,

**त्यसैले,**

- बीस बर्ष नपुगी विवाह नगरौं, नगराऔं,
- बालविवाहको विरूद्धमा सबै जुटौं,
- दोषीलाई कानूनको दायरामा ल्याऔ,
- बालविवाह मुक्त समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ‘क्रेडिट रेटिङ’पछि नेपालले लिनुपर्ने लाभ



रेटिङले लगानी वातावरणका लागि आत्मविश्वास बढाउँछ । अहिलेको नतिजाले नेपालमा गरिएको लगानीको तिर्नसक्ने क्षमता (क्रेडिट वर्दिनेस) राम्रो छ भन्ने देखाएको छ । यसले यहाँ भएको लगानी डुब्दैन भन्ने सुनिश्चितता प्रदान गर्दछ । वित्तीय स्रोत परिचालनका लागि अझै ठाउँ छ भन्ने कुरा पनि रेटिङ नतिजाले देखाएको छ ।

**■ शिशिरकुमार ढुंगाना**
पूर्वअर्थसचिव



कुनै पनि लगानीकर्ताले सबैभन्दा पहिले हेर्ने भनेको कन्ट्री रेटिङ नै हो । निजी क्षेत्रले पनि विदेशी लगानी ल्याउनका लागि प्रयास गर्ने हो, यसले त्यसमा सहयोग पुग्छ । अर्कोतर्फ सरकारले पनि कुनै ऋण लिँदा वा अन्तर्राष्ट्रिय बजारमा ऋणपत्र जारी गर्दा क्रेडिट रेटिङले सहयोग गर्छ ।

**■ राजेशकुमार अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ



नतिजा राम्रो वा नराम्रो आउँछ भन्ने कुराभन्दा पनि हामी क्रेडिट रेटिङ गराएको मुलुकमा पर्‍यौं, यो नै उपलब्धिको विषय हो । यसअघि हामी कुन अवस्थामा थियो भन्ने नै थाहा थिएन । तर अहिले हाम्रो अवस्था के हो भनेर देखिएको छ ।

**■ अनलराज भट्टराई**
पूर्वबैंकर

**■ हेमन्त जोशी**

**काठमाडौं–** प्रक्रिया सुरु भएको करिब छ वर्षपछि नेपालले आफ्नो सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) सम्पन्न गरेको छ । पहिलोपटक गराएको क्रेडिट रेटिङमा नेपालले ‘डबल बी माइनस’ स्कोर प्राप्त गरेको छ ।

प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) र बाहय ऋण भित्र्याउँदा लगानीकर्ताले खोज्ने महत्त्वपूर्ण सूचकका रूपमा क्रेडिट रेटिङ पर्दछ । यसकारण दातृ निकाय, विकास साझेदार तथा वैदेशिक लगानीकर्ता र नेपालको निजी क्षेत्रलेसमेत लामो समयदेखि क्रेडिट रेटिङ अतिआवश्यक रहेको बताउँदै आएका थिए ।

नेपालले कोभिड-१९ महामारीअघि नै रेटिङ प्रक्रिया थालेको थियो । तर महामारीले अर्थतन्त्रमा गम्भीर संकुचन देखिएको बेला क्रेडिट रेटिङ गर्दा खराब अवस्था देखिने भएपछि सरकारी प्रयासबाटै यो प्रक्रिया रोकियो । पहिलोपटक गराएको क्रेडिट रेटिङको नतिजा शुक्रबार सार्वजनिक गर्दै अर्थ मन्त्रालयले यसलाई ‘सन्तोषजनक’ देखिएको र आगामी दिनमा यो अवस्था सुधार गर्दै जाने बताएको छ।

यो रेटिङले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्तीय व्यवस्थापन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको र लगानीमैत्री वातावरण रहेको देखाएको मन्त्रालयको भनाइ छ। लगानीकर्ताले प्रतिफल हेरेर लगानी गर्छन् । निर्धारण गर्ने आधारका रूपमा क्रेडिट रेटिङलाई हेर्ने गरिन्छ। नेपालमा सहज र सुदृढ लगानीको वातावरण छ भन्ने कुरा यो रेटिङको नतिजाले देखाएको छ।

विश्वका ३० भन्दा बढी देशमा वित्तीय सूचनासम्बन्धी सेवा उपलब्ध गराइरहेको रेटिङ एजेन्सी ‘फिच रेटिङ’ले नेपालको साखको स्वतन्त्र आँकलनपछि भनेको छ, ‘नेपालको सार्वजनिक ऋण र कूल गार्हस्थ उत्पादन (जिडिपी)को अनुपात सुविधाजनक अवस्थामै छ । नेपालले राखेको लक्षित आर्थिक वृद्धि र राजस्व सुदृढीकरणबाट यो अनुपात अहिलेकै अवस्थामा कायम रहन सक्छ । सहनशीलता राम्रो छ। बाहय क्षेत्र राम्रो छ।’

पहिलोपटक सार्वभौम साख मूल्यांकन गराएर ऐतिहासिक उपलब्धि हासिल गरेको र त्यसको नतिजा पनि सन्तोषजनक देखिएको दाबी सरकारले गरिरहँदा नेपालले के-कस्तो लाभ लिनसक्छ ? र, त्यसका लागि हामी कति तयार छौं ? भन्ने प्रश्न महत्त्वपूर्ण छ। मुलुकको विकास र समृद्धिका आकांक्षा पूरा गर्न आन्तरिक स्रोतले नभ्याउने अवस्थामा प्रत्यक्ष वैदेशिक लगानी र बाहय ऋणको भर पर्नुपर्ने हुन्छ। तर लगानीकर्ताले भने सम्बन्धित देशमा भएको लगानीको उचित प्रतिफल पाइन्छ/पाइँदैन वा दिइएको ऋण फिर्ता हुन्छ/हुँदैन भन्ने कुराको सुनिश्चितता खोज्ने गर्दछन् ।

पूर्वअर्थसचिव शिशिर कुमार ढुंगाना सार्वभौम साख मूल्यांकनले नेपालको कर्जा तिर्नसक्ने क्षमता र लगानीको प्रतिफलको सुनिश्चितता राम्रो देखिएको बताउँछन् । ‘रेटिङले लगानी वातावरणका लागि आत्मविश्वास बढाउँछ । अहिलेको नतिजाले नेपालमा गरिएको लगानीको तिर्नसक्ने क्षमता (क्रेडिट वर्दिनेस) राम्रो छ भन्ने देखाएको छ। यसले यहाँ भएको लगानी डुब्दैन भन्ने सुनिश्चिता प्रदान गर्दछ,’ उनले भने, ‘वित्तीय स्रोत परिचालनका लागि अझै ठाउँ छ भन्ने कुरा पनि रेटिङ नतिजाले देखाएको छ।’

(क्रमशः पृष्ठ २ मा)

# राप्रपामा लिङ्देनको एक्लो दौड

यो कहीं कतैबाट स्वीकृत कार्यक्रम पनि होइन । अनुमोदन भएको कार्यक्रम पनि होइन । यो अध्यक्ष स्वयंले तय गरेर जानुभएको हो । पार्टीको निम्ति त कार्यक्रम हितकर छ तर वैधानिक ढंगले तय भएको कार्यक्रम होइन ।

**■ जनकराज पाठक**
केन्द्रीय सदस्य, राप्रपा

जनताका कुरा सुन्न राजनीतिक अभियान सञ्चालन गर्दा निर्णय गर्नुपर्छ भन्ने छैन । अध्यक्षज्यू जनताका कुरा सुन्ने अभियानमा हिँड्नुभएको हो । अन्यथा लिनुपर्ने कारण छैन ।

**■ श्याम शाही**
सहायक महामन्त्री, राप्रपा



**सुदूरपश्चिम यात्राका क्रममा कैलालीको साँढेपानीमा आयोजित सभामा सम्बोधन गर्दै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन ।**
*तस्बिरः लिङ्देनको फेसबुक पेजबाट*

- पार्टी निर्णयविना सुदूरपश्चिम र कर्णाली यात्रा
- उपचुनावको संयोजक मनमौजी तोकेको दाबी
- जनताका कुरा सुन्न पार्टीमा निर्णय हुन नपर्ने लिङ्देनपक्षको भनाइ

**■ जेबी योञ्जन**

**काठमाडौं–** संसद्मा राजा र हिन्दूराष्ट्रको पक्षमा वकालत गर्ने एकमात्र दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नेतृत्वमाथि सर्वेसर्वा बन्ने दिशामा अघि बढेको आरोप लागेको छ। अध्यक्ष राजेन्द्र लिङ्देन पार्टी निर्णयविना मनमौजी अभियान घोषणा गर्दै अघि बढेको भन्दै पार्टीभित्र असन्तुष्टि सुनिएको हो ।

अध्यक्ष लिङ्देन हालै जनतासँग प्रत्यक्ष सम्वाद गर्ने भन्दै एकपछि अर्को राजनीतिक कार्यक्रम घोषणा गर्दै देशको पश्चिम भेगमा पुगे । तिहारलगत्तै ‘राप्रपाको सुदूरपश्चिम यात्रा’ नाम दिएर उनी बाजुराको कोल्टी, अछामको मंगलसेन, डोटी, कञ्चनपुर र कैलालीको साडेपानी पुगेर शुक्रबार फर्किए । तिहारअघि भने ‘राप्रपाको कर्णाली यात्रा’ घोषणा गरेर सल्यानको सल्लिबजार, सुर्खेतको बाबियाचौर, दैलेखको दुल्लु, कालिकोटको मान्म, जुम्लाको गोठिजिउला र मुगुको गमगढी गएका थिए ।

(क्रमशः पृष्ठ २ मा)

## अविश्वासको घेरामा लिङ्देन

देश संघीय लोकतान्त्रिक गणतन्त्रामक भए पनि राप्रपाको अन्तिम लक्ष्य राजसंस्था फर्काउने र हिन्दूराष्ट्र पुनःस्थापना गर्ने नै हो। ठूलै राजनीतिक क्रान्तिविना यी दुवै लक्ष्य प्राप्ति हुँदैन भन्ने राप्रपा नेता कार्यकर्ताहरूले राम्रोसँग बुझेका छन्। तर, अध्यक्ष लिङ्देनले हालै सुदूरपश्चिमका विभिन्न जिल्ला पुगेर भने, ‘राष्ट्रिय प्रजातन्त्र पार्टीलाई ठूलो पार्टी बनाउने र यसको बलबाट राजसंस्था र हिन्दूराष्ट्र पुनःस्थापना गर्ने भनेर हामी हिँडेका हौं।’

संसदीय मोर्चाबाट देशमा राजसंस्था र हिन्दूराष्ट्र स्थापना गर्ने भए संसद्को दुवै सदन प्रतिनिधिसभा र राष्ट्रियसभामा राप्रपाको दुईतिहाइ बहुमत चाहिन्छ। अहिले कांग्रेस र एमाले दुई ठूला दलको त प्रतिनिधिसभामा भए पनि राष्ट्रियसभामा दुईतिहाइ बहुमत छैन। यस्तोबेला अध्यक्ष लिङ्देनले ठूलो पार्टी बनाएर राजसंस्था र हिन्दूराष्ट्र पुनःस्थापना गर्ने भनिएपछि राप्रपाका एक पदाधिकारीले अध्यक्षको हावादारी गफ भनेका छन्।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसियामा न्यूनतम परिश्रमिक वृद्धिको लाभ नेपालसम्म

**■ मोहनप्रसाद पन्त**



**काठमाडौं–** मलेसिया सरकारले आगामी वर्ष (सन् २०२५)को फेब्रुअरीदेखि लागू हुनेगरी कामदारहरूको न्यूनतम पारिश्रमिक बढाउने भएपछि त्यहाँ काम गर्ने नेपाली लाभान्वित हुने भएका छन्। हाल कामदारले प्रतिमहिना न्यूनतम पारिश्रमिक (तलब) १५ सय रिंगेट पाउँदै आएकोमा यसलाई बढाएर १७ सय रिंगेट बनाउने सरकारी घोषणाले ठूलो संख्यामा मलेसियामा काम गरिरहेका नेपालीहरू लाभान्वित हुने भएका हुन्।

मलेसिया सरकारले सन् २०२५ को बजेट भाषणमार्फत कामदारको तलब प्रतिमहिना न्यूनतम १७ सय रिंगेट पुर्‍याउने घोषणा गरेसँगै त्यहाँ काम गर्ने नेपालीहरूमा पनि उत्साह देखिएको छ । ‘मलेसिया सरकारले विदेशी कामदारलाई राहत हुनेगरी परिश्रमिक बढाउने निर्णय गर्नुले म र मजस्ता थुप्रै नेपाली दाजुभाइलाई फाइदा पुग्छ, बढेको तलबले छोराछोरीको स्कुलको फि तिर्न सहयोग हुने छ,’ काभ्रे घर भएका जगतमान लामाले समाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

त्यस्तै दोलखाका सुवास पोखरेलले पनि मलेसिया आएको तीन वर्षपछि तलब बढ्दै छ भन्ने खबरले खुसी लागेको बताएका छन् । ‘मलेसिया आएको तीन वर्षपछि तलब बढ्दै छ, खुसी लागेको छ, म जस्ता धेरै विदेशी कामदारलाई यसले फाइदा नै हुन्छ, समाजिक सुरक्षालगायतका सुविधामा नेपाल सरकारले पहल गरिदिए अझ राम्रो हुने थियो,’ उनले सामाजिक सञ्जालमा लेखेका छन्। समाजिक सञ्जालमा लामा र पोखरेलजास्ता धेरै जना नेपालीले मलेसिया सरकारले वृद्धि गर्न लागेको पारिश्रमिक छिट्टै कार्यान्वयनमा आउने विश्वास व्यक्त गर्दै खुसी साटेका छन्।

मलेसिया सरकारले उपलब्ध गराएको विवरणअनुसार त्यहाँ करिब तीन लाख ५० हजार नेपाली कामदार कार्यरत रहेको मलेसियास्थित नेपाली दूतावासले जनाएको छ। तर, हालसम्म कति नेपाली कामदार मलेसियामा काम गरिरहेका छन् भन्ने तथ्यांक नेपाल सरकार वा सम्बन्धित निकायसँग नरहेको सरकारी अधिकारीहरूको भनाइ छ । यद्यपि मलेसियामा काम गर्ने नेपालीको यकीन तथ्यांक नभए पनि ५० हजारको हाराहारीमा अवैधरूपमा नेपालीहरू रहेको विभिन्न अध्ययनले देखाएका छन्।

मलेसियाले स्थानीय तथा विदेशी दुवै कामदारको हकमा लागू हुने गरी न्यूनतम तलबमा वृद्धि गर्न लागेकाले हामीजस्ता स्रोत मुलुकका कामदारले बढी लाभ पाउनसक्ने श्रम तथा आप्रवासनविज्ञ रामेश्वर नेपालले बताए। ‘सन् २०१८ को अक्टोबरमा नेपाल र मलेसियाबीच भएको श्रमसम्बन्धी सम्झौताअनुसार पनि नेपाली कामदारको हकमा मलेसिया सरकारले लागू गर्ने न्यूनतम तलब पाउनुपर्छ,’ उनले भने, ‘मलेसियाको श्रम कानुन र नेपालसँग भएको श्रम सम्झौताअनुसार पनि त्यस्तै हुनुपर्छ र विगतलाई हेर्दा कार्यान्वयन पनि भइरहेको देखिन्छ, यसले नेपाली कामदारलाई राहत नै हुन्छ।’ तर, अवैधरूपमा रहेका नेपाली कामदारले वृद्धि भएको तलबबाट लाभ लिन कठिन हुन सक्ने उनको भनाइ छ।

पछिल्लो झण्डै एक वर्षदेखि नेपालबाट मलेसिया जाने नेपाली कामदारको संख्यामा ठूलो कमी आएको छ । सन् २०२४ का लागि विदेशी कामदारको कोटा पूरा भएको भन्दै त्यहाँको सरकारले नयाँ कामदार भर्ना लिन रोक लगाएको कारण नेपालीहरू रोजगारीका लागि जान पाएका छैनन्। यद्यपि जति नेपाली मलेसिया रोजगारीमा छन् उनीहरूले वृद्धि हुने तलबबाट लाभ लिनसक्ने भन्दै परिवारिकरूपमा पनि खुसी छाउने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए।



बढेको तलबले व्यक्तिलाई मात्र फाइदा हुँदैन, यसको फाइदा राज्यलाई पनि हुन्छ । देशमा भित्रिने रेमिट्यान्स बढ्छ, जसले विदेशी मुद्रा सञ्चितिमा सहयोग पुग्छ ।

**■ मेघनाथ भुर्तेल**
**महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**

‘बढेको तलबले व्यक्तिलाई मात्र फाइदा हुँदैन, यसको फाइदा राज्यलाई पनि हुन्छ,’ उनले भने, ‘देशमा भित्रिने रेमिटचान्स बढ्छ, विदेशी मुद्रा सञ्चितिमा सहयोग पुग्छ।’ मलेसियाले आगामी वर्षबाट पुनः नेपाली कामदार लैजान सुरु गर्ने तयारी गरिरहेको महासचिव भुर्तेलले बताए । न्यूनतम तलब वृद्धि हुनुले मलेसिया रोजगारीमा आकर्षण बढ्ने देखिएको उनको भनाइ छ। यसअघिदेखि नै आकर्षक रोजगार गन्तव्य भएकाले आगामी दिनमा पनि नेपालीहरूका लागि सुरक्षित रहने उनले बताए।


**जनहितमा जारी सन्देश**




लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### राप्रपामा...

अभियानका क्रममा उनले वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र प्रवक्ता ज्ञानेन्द्र शाहीसहितका निकट नेताहरूलाई सहभागी गराए। दुवै प्रदेशमा सञ्चालित राजनीतिक अभियान पार्टीको कुनै आधिकारिक संरचनाबाट निर्णय भने नभएको केन्द्रीय सदस्य जनकराज पाठकले बताए। भलै अभियानले पार्टीलाई राजनीतिकरूपमा फाइदा नै पुऱ्याउने उनको भनाइ छ। तर, पार्टीको कुनै पनि संरचनाबाट पारित नगरी मनमौजी अभियान घोषणा गरेर अध्यक्ष लिङ्देन अघि बढेको र यो विषय आगामी केन्द्रीय समिति बैठकमा उठाइने बताए।

'यो कहीँ कतैबाट स्वीकृत कार्यक्रम पनि होइन। अनुमोदन भएको कार्यक्रम पनि होइन। यो अध्यक्ष स्वयंले तय गरेर जानुभएको हो। पार्टीको निम्ति त कार्यक्रम हितकर छ तर वैधानिक ढंगले तय भएको कार्यक्रम होइन,' उनले प्रभावसँग भने, 'कुनै न कुनै फोरमबाट कार्यक्रम तय हुनुपर्छ, अब केन्द्रीय समिति बैठकमा यो कुरा उठ्छ।' यता लिङ्देननिकट नेताहरूले भने अध्यक्ष मनमौजी अघि बढेको भन्ने अरोपको खण्डन गरेका छन्। उनीहरूले पार्टी हितका लागि अध्यक्ष लिङ्देनले अभियान चालेको दाबी गरेका छन्। राप्रपा सहायक महामन्त्री श्याम शाही भन्छन्, 'जनताका कुरा सुन्न राजनीतिक अभियान सञ्चालन गर्दा निर्णय गर्नुपर्छ भन्ने छैन। अध्यक्षज्यू जनताका कुरा सुन्ने अभियानमा हिँड्नुभएको हो। अन्यथा लिनुपर्ने कारण छैन।'

#### उपचुनाव केन्द्रित नभएकोमा असन्तुष्टि

ठूला राजनीतिक दलहरूले प्रतिष्ठाको लडाइँको रूपमा उपचुनावलाई अर्थ्याएका छन्। सोहीअनुसार चुनावी माहोल बनाइरहेका छन्। तर, अध्यक्ष लिङ्देन भने मनमौजी राजनीतिक अभियान घोषणा गरेर उपचुनावलाई बेवास्ता गर्दै अघि बढेको पाठकले बताए। 'अध्यक्षज्यूले गर्नुभएको कार्यक्रम र उपचुनावको सम्बन्ध केही पनि छैन। अध्यक्षज्यूको भ्रमणसँग निर्वाचनको तादम्यता केही भएन,' पाठकले भने, 'निर्वाचन केन्द्रित गरेर अभियान चलाउनुपर्थ्यो।'

उपचुनाव यही १६ मंसिरमा हुँदै छ। ४४ पदका लागि हुने उपचुनावमा राप्रपाले ३४ स्थानमा उम्मेदवारी दिएको छ। उपचुनावमा पार्टीका उम्मेदवारहरूलाई जिताउन चुनावी संयोजक पनि तोकिएको छ। तर, पार्टी बैठक नडाकी चुनावी संयोजकहरू तोकेको भन्दै पार्टीमा असन्तुष्टि बढ्दो छ। उनले २२ कात्तिकमा नेताहरू भक्ति सिटौला, प्रल्हाद साह, राजेन्द्र गुरूङ, समृद्धि राणा, भरत गिरी, रोशन झा, सोभित उप्रेती, राजन खतिवडा, ज्ञानबहादुर शाही, प्रकाश रिमाल, उद्धव थापा, झनक प्याकुरेल, दीपकबहादुर सिंह, रामराज कोइराला, प्रदीप उदय, कुन्तीकुमारी शाही, दिपबहादुर शाही, शौरेन्द्रबहादुर शाह, अंगद बुढा, धवलशमशेर जबरा, प्रेम बलायर र धर्मराज जोशीलाई चुनावी संयोजक तोकेका थिए।

पार्टीका एक पदाधिकारीले भने, 'अध्यक्षलाई पार्टीको कुनै संरचना चाहिएन। कहीँबाट कुनै कार्यक्रमबारे निर्णय गर्नुपर्दैन। जे गर्न मन लाग्छ, त्यही गर्दै हिँड्न थाल्नुभयो। उहाँ पार्टीमा निरंकुश बन्नुभयो।' पार्टीका पूर्वअध्यक्ष कमल थापाले यदि फेरि अध्यक्षमा चुनाव जिते सर्वेसर्वा हुनेतर्फ अघि बढ्नसक्ने भन्दै पार्टी महाधिवेशनमा पार्टीको पदाधिकारीसहित केन्द्रीय समितिमा ७५ प्रतिशत निर्वाचित हुनुपर्ने प्रावधान विधानमै राखिएको थियो। कतिसम्म भने राप्रपाले पार्टी उपाध्यक्ष र महामन्त्रीसमेत निर्वाचित हुनुपर्ने प्रावधान पहिलोपटक राख्यो। सोहीअनुसार निर्वाचित भएर आएकाहरूसहितको वर्तमान केन्द्रीय समिति हो।

तर, अहिले लिङ्देन आफूलाई पार्टीमा सर्वेसर्वा ठानेर अघि बढेको ती पदाधिकारीको गुनासो छ। यतिसम्मकी लिङ्देनले भारतमा क्यान्सरको उपचार गराइरहेका बेला गत १७ असोजमा पार्टीको संगठन विभाग प्रमुखबाट महामन्त्री डा. धवलशमशेर जबरालाई हटाइदिएका थिए। यसपछि पार्टीमा जबरा समूहले त्यसको चर्को विरोध गऱ्यो। पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले त अध्यक्ष लिङ्देनको 'अविवेकी र अमानवीय निर्णय' भनेका थिए। तर, चालेका कदममा लिङ्देन कदमबाट टसमस भएनन्, जसले पार्टीमा अन्तरसंघर्ष बढाएको छ।

■■■

### अविश्वासको...

उनका अनुसार राजा मान्ने र हिन्दू अधिराज्य चाहनेले अध्यक्ष लिङ्देनलाई विश्वास गर्न छाडेका छन्। गत २० कात्तिकमा मीरा राणा अध्यक्ष रहेको राष्ट्र रक्षार्थ एकता अभियानले 'देश चिन्तन २०८१' नाम दिएको कार्यक्रममा अध्यक्ष लिङ्देनलाई निम्तो दिएनन्।

कार्यक्रममा रवीन्द्र मिश्र, बुद्धिमान तामाङ, धवलशमशेर जबरा, राप्रपा नेपालका अध्यक्ष कमल थापा, रमा सिंह, केशरबहादुर विष्टसँगै हिन्दू धर्मगुरु र बुद्धिजीवीहरूलाई अभियानले निम्तो दिएको थियो। त्यसबेला अमेरिकामा रहेका नेता प्रकाशचन्द्र लोहनीलाई पनि अभियानकी संयोजक राणाको निम्तो थियो। तर, लिङ्देनलाई निम्तो नभएको ती पदाधिकारीले बताए। 'राजाको कुरै गर्दैनन्, हिन्दू अधिराज्यको कुरै गर्दैनन्,' ती पदाधिकारीले भने, 'पछिल्लो समय न पूर्वराजालेसमेत विश्वास गर्न छाडे। अरुले परको कुरा।'

जबकि गत महाधिवेशनमा अध्यक्ष पदमा लिङ्देनसँग पराजित भएपछि कमल थापाले दरबारले हस्तक्षेप गरेको भन्ने गम्भीर आरोप लगाएका थिए। लिङ्देनको जितमा पूर्वराजाको भूमिका निर्णायक रहेको उनको भनाइ थियो। सोही कारण थापा राप्रपाबाट अलग भएर राप्रपा नेपाल ब्युँताए। थापाको शब्दमा पूर्वराजाको सहयोगले चुनाव जितेका लिङ्देनलाई पनि यतिखेर अविश्वासी भएका छन्।

■■■

### 'क्रेडिट रेटिङ'...

नेपालको जिडिपी र सार्वजनिक ऋणको अनुपात अहिले ४४ प्रतिशत हाराहारी छ। जुन अनुपातले धेरै दबाब नरहेको देखाउने र थप ऋण लिनका लागि अझै ठाउँ रहेको देखाएको ढुंगाना बताउँछन्। 'हाम्रो वित्तीय खाडल (फिस्कल ग्याप) कम हुँदै गएको छ भन्ने देखिएको छ। यसले स्रोत परिचालनका लागि अझै पनि दायरा बाँकी छ भन्ने बुझाउँछ र यी सबै कुराले लगानीकर्ताको विश्वास बढाउने हो,' उनी भन्छन्।

साख मूल्यांकनमा राम्रो अवस्था देखिनुले सस्तो लगानी ल्याउनका लागि भूमिका खेल्ने पनि ढुंगाना बताउँछन्। 'विदेशीहरूले ऋण दिँदा अथवा सरकार वा निजी क्षेत्रले विदेशबाट पैसा ल्याउँदा 'रिक्स प्रिमियम' लगाउने गर्थे। 'रिक्स प्रिमियम'को दर कम हुन्छ वा यस्तो प्रिमियम नलाग्ने हुन्छ। जसकारण लगानी सस्तो हुन्छ,' उनले भने, 'लगानीको जोखिम कम भएपछि हेजिङको शुल्क पनि कम हुने भयो।'

नेपालको ऋण तिर्नसक्ने क्षमता राम्रो हुँदा सरकारले द्विपक्षीय तथा बहुपक्षीय ऋण स्वीकार गर्दा 'नेगोसियसन'को क्षमता बढ्ने ढुंगाना बताउँछन्। त्यस्तै, निजी क्षेत्रले पनि वैदेशिक लगानी ल्याउँदा अथवा अन्तर्राष्ट्रिय बजारमा बण्ड स्वीकार गर्दा सहुलियत दरमा 'नेगोसियसन' गर्न पाउँछन्। यसरी मुलुकको ऋण तिर्नसक्ने क्षमता राम्रो छ भन्नुको अर्थ विदेशी लगानीकर्तालाई लगानीको सुनिश्चितता हुने र नेपालमा आउने लगानीको लागत (कस्ट अफ फन्ड) कम हुने देखिन्छ।

नेपालको अवस्था राम्रो छ भन्ने देखिएपछि अब नेपालले कसरी लाभ लिनसक्छ भन्ने प्रश्नमा पूर्वअर्थसचिव ढुंगाना भन्छन्, 'सरकारले राम्रो प्रतिफल दिने र उपयुक्त आयोजना पहिचान गरेर 'प्रोजेक्ट बैंक' तयार पारी लगानीकर्तासमक्ष प्रस्तुत गर्न सक्नुपर्छ। लगानी खोज्नका लागि सरकारले निजी क्षेत्रलाई अधिकतम परिचालन गरेर अब क्रेडिट रेटिङ पनि भयो र लगानी भित्र्याउ भन्न सक्नुपऱ्यो। निजी क्षेत्रले पनि विदेशी निजी क्षेत्रबाट लगानी प्राप्त गर्नका लागि उनीहरूसँग वार्ता र छलफल गरेर त्यस्तो लगानी भित्र्याउन सक्नुपऱ्यो।'

विदेशी साझेदारमार्फत नेपालमा लगानी भित्र्याउने निजी क्षेत्रको प्रयासमा अब क्रेडिट रेटिङको नतिजाले राम्रो प्रभाव देखिने नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल बताउँछन्। विदेशी लगानीकर्ताले कुनै पनि मुलुकमा लगानी गर्नका लागि सबैभन्दा पहिले कन्ट्री रेटिङको अवस्थालाई हेर्ने भएकाले अब नेपाललाई लगानी भित्र्याउन पहिलेकोभन्दा सहज हुने उनको बुझाइ छ। 'कुनै पनि लगानीकर्ताले सबैभन्दा पहिले हेर्ने भनेको कन्ट्री रेटिङ नै हो। निजी क्षेत्रले पनि विदेशी लगानी ल्याउनका लागि प्रयास गर्ने हो, यसले त्यसमा सहयोग पुग्छ,' उनले भने, 'अर्कोतर्फ सरकारले पनि कुनै ऋण लिँदा वा अन्तर्राष्ट्रिय बजारमा ऋणपत्र जारी गर्दा क्रेडिट रेटिङले सहयोग गर्छ।'

नेपालको सार्वजनिक र निजी क्षेत्रबाट भएको लगानीले लक्षित आर्थिक र पूर्वाधार विकास गर्न नसकिरहेको अवस्थामा वैदेशिक लगानी र ऋण अपरिहार्य हो। तर, विदेशी लगानीकर्ताले भने सम्बन्धित मुलुकमा लगानी वातावरणको अवस्था कस्तो छ भनेर जान्न क्रेडिट रेटिङको अवस्था कस्तो छ भनेर हेर्ने। अब भने नेपालले आफ्नो अवस्था देखाउनसक्ने अवस्थामा पुगेको अग्रवाल बताउँछन्, 'विभिन्न मुलुकसँग नेपालमा लगानी गर्नका लागि उनीहरूसँग कुरा गर्दा कन्ट्री रेटिङ नै नभएको भन्ने गर्थे। के आधारमा विश्वास गर्ने भन्ने प्रश्न उठ्थ्यो अहिले राम्रो नतिजा आएको छ। त्यसले सकारात्मक प्रभाव पर्छ,' उनले भने, 'उदाहरणका लागि नेपालले जलविद्युत् क्षेत्रमा सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट क्षमताका आयोजना निर्माण सम्पन्न गर्ने भनिएको छ। त्यसका लागि हाम्रो लगानी मात्रले कन्ट्री रेटिङ भएपछि अब विदेशी लगानी ल्याउनका लागि।' विगतमा कन्ट्री रेटिङ नभएका कारण ठूला कम्पनी नेपालमा लगानी गर्न नचाहेको अग्रवाल बताउँछन्।

दक्षिण एसियाली क्षेत्रका अन्य देशहरूको तुलनामा सन्तोषजनकस्तरको क्रेडिट रेटिङ नेपालले प्राप्त गरेको छ। यो नतिजाले सरकार, निजी क्षेत्र र सम्पूर्ण लगानीकर्तामा उत्साह थप्नु स्वाभाविक हो। पूर्वबैंकर अनलराज भट्टराईले नेपालले सार्वभौम साख मूल्यांकन गर्नु आफैंमा एक महत्त्वपूर्ण उपलब्धि र गौरवको विषय रहेको बताउँछन्। उनी भन्छन्, 'नतिजा राम्रो वा नराम्रो आउँछ भन्ने कुराभन्दा पनि हामी क्रेडिट रेटिङ गराएको मुलुकमा पऱ्यौं, यो नै उपलब्धिको विषय हो। यसअघि हामी कुन अवस्थामा थियो भन्ने नै थाहा थिएन। तर अहिले हाम्रो अवस्था के हो भनेर देखिएको छ।'

नेपालको क्रेडिट रेटिङको नतिजाले छोटो समयका लागि वित्तीय स्थायित्व कायम रहेको र लामो समयका लागि भने केही असहज अवस्था रहेको देखाएको भट्टराईले बताए। त्यस्तै अब नेपालको अवस्थाबारे विश्वसमुदायलाई थाहा हुने र नेपालले पनि के कुरामा सुधार गर्नुपर्छ भनेर आफ्नो योजना बनाउनुपर्ने उनको बुझाइ छ। 'अब हामीलाई कसैले मूल्यांकन गरिरहेको छ भनेर बुझ्नुपर्ने हुन्छ। रेटिङ एकपटक गरेपछि सकियो भन्ने होइन हाम्रो अवस्था सुधार गरेर अर्कोपटक गर्दा अहिलेकोभन्दा राम्रो नतिजा आउन सक्छ,' भट्टराई भन्छन्, 'कति समयमा मूल्यांकन गर्ने भन्ने सम्बन्धित मुलुकमा भरपर्छ।'

नेपालले पछिल्ला वर्षमा कुनै पनि ऋण चुक्ता गर्न नसकेको (क्यापासिटी टु पे) वा गर्न नचाहेको (विलिङनेस टु पे) भन्ने नदेखिएकाले नेपालप्रति लगानीकर्ता विश्वस्त हुने आधार रहेको उनको बुझाइ छ। यद्यपि राजनीतिक अस्थिरताका कारण लगानीकर्ताले त्यस्तो जोखिमको शंका वा अनुमान गर्ने गरेको भट्टराईले बताए।

नेपालले आफ्नो कूल गार्हस्थ उत्पादनमा रेमिटचान्सबाहेक अरु क्षेत्रको योगदान बढाउँदै जानुपर्ने तथा निजी क्षेत्रले विदेशी मुद्रामा ऋण लिँदा वा लगानी भित्र्याउँदा त्यसको प्रतिफल विदेशी मुद्रामा पाइन्छ वा पाइँदैन भन्ने कुराको आँकलन गर्नुपर्ने उनको बुझाइ छ। उनी भन्छन्, 'निजी क्षेत्रले विदेशी मुद्रामा लगानी भित्र्याउँदा त्यसको प्रतिफल पनि विदेशी मुद्रामै जाने हो। त्यसका लागि निजी क्षेत्र सक्षम छ वा छैन भन्ने हेर्न जरुरी छ।'

यसरी सार्वभौम क्रेडिट रेटिङले कुनै पनि देशको लगानी वातावरणको मूल्यांकन गर्ने महत्त्वपूर्ण आधार प्रदान गर्दछ भने प्राप्त क्रेडिट रेटिङले नेपालको साख क्षमता उच्च रहेको देखाएको छ। जसले गर्दा नेपालले अन्तर्राष्ट्रिय बजारबाट न्यून ब्याजदरमा ऋण प्राप्त गर्न सहज बनाउने सम्भावना बढेको छ। निजी क्षेत्रको विश्वास अभिवृद्धि गर्न सहयोग पुग्नुका साथै विदेशी लगानी आकर्षित गर्ने अवसर प्रदान गर्नेसमेत ठानिएको छ। *रासस*


सुदुर पश्चिम प्रदेश सरकार
भूमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु पन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, डोटी**

**भेटेरिनरी अस्पताल डोटीको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**सुचना नं. ०२/२०८१/०८२**
**(प्रथम पटक सुचना प्रकाशित मिति २०८१/०८/०९)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डोटीको आ. ब. ०८१/०८२ को बार्षिक स्विकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी, संस्था, व्यावसायी फर्म/कम्पनी/ उद्यमी/व्यावसायीहरूले तोकिएको ढाँचामा आवेदन पेश गर्न हुन यो सूचना आह्वान गरिन्छ ।

**तपसिल**

| क्रं. सं. | कार्यक्रम/क्रियाकलाप | कार्यक्रम सञ्चालन हुने स्थान | इकाई | बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी तथा मत्स्य कर्जामा व्याज अनुदान कार्यक्रम | जिल्ला भरी | पटक | १२ | २०८२ जेठ मसान्त सम्म |

**आवश्यक कागजातहरू**
१. रू. १० को टिकट टाँसी तोकिए बमोजिमको निवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. पशुपन्छी तथा मत्स्य कर्जामा व्याज अनुदान कार्यक्रमकोलागी कर्जा लिएको सम्झौता को प्रतिलिपी ।
४. कृषक समुह, सहकारी, संस्था, व्यावसायी फर्म/कम्पनीको दर्ता, नविकरण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. कृषक समुह, सहकारी, संस्थाको हकमा कार्यक्रम माग सम्बन्धीको निर्णय प्रतिलिपी ।
६. माग गरेको कार्यक्रमको ब्यहोरा खुल्ने गरि पशु सेवा शाखाको सिफारिस पत्र ।
७. कार्यक्रम सञ्चालन गरिने स्थलको जग्गा धनि पुर्जाको प्रतिलिपी ।
८. लिज वा करारमा जग्गा लिई काम गरीराखेकाहरूको हकमा कम्तिमा पन्ध्र (१५) बर्षको जग्गा करार सम्झौताको प्रतिलिपी ।
९. प्रस्ताव पेश गर्दा (१) एक लाख भन्दा कमको अनुदान कार्यक्रममा निशुल्क र एक लाख देखि पाँच लाख सम्मको अनुदान कार्यक्रमको लागि रु (३००) तीन सय तथा पाँच लाख देखि बढीको अनुदान कार्यक्रमको लागी रु (१०००) एक हजार निवेदन दस्तुर बुझाएको भौचर वा नगदी रसिद प्रस्ताव संग पेश गर्नु पर्नेछ ।
१०. प्रस्ताव सम्बन्धित भेटेरिनरी अस्पताल डोटीमा बुझाउन सकिने छ ।

**कार्यालय कोड**- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डोटी - ३१२०२७१०२७
**निवेदन दस्तुर (राजस्व शिर्षक नं.)** गरेको नगदी रसिद १४२२९ मा रकम जम्मा गरेको भौचर वा विज्ञ केन्द्र बाट प्राप्त रकम जम्मा

**थप जाकारीको लागी**
९८४७९६८४०७, ९८५८४८८१३७

पशु विकास अधिकृत
कार्यालय प्रमुख


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइतबार, ०९ मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **वृष** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **मिथुन** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **कर्कट** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **सिंह** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **कन्या** | सुखद समाचारले मनको डर उत्साहमा स्थान्तरण । |
| **तुला** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **धनु** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मकर** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** | अरूको करकापमा काम गर्न बाध्य । |
| **मीन** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ मंसिर, २०८१ (२४ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.७२ | १३५.३२ |
| युरो | १ को | १४१.९६ | १४२.५९ |
| पाउन्ड स्टर्लिङ | १ को | १६९.९६ | १७०.७२ |
| स्विस फ्रैन्क | १ को | १५१.७६ | १५२.४४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.८९ | ८७.२८ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०० |
| सिङ्गापुर डलर | १ को | १००.१६ | १००.६१ |
| जापानी येन | १० को | ८.६९ | ८.७३ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३५.८९ | ३६.०५ |
| कतारी रियाल | १ को | ३६.९४ | ३७.१० |
| थाई भाट | १ को | ३.८७ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६८ | ३६.८४ |
| मलेसियन रिङ्गेट | १ को | ३०.०७ | ३०.२० |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६८ |
| स्विडिस क्रोनर | १ को | १२.२३ | १२.२९ |
| डेनिस क्रोनर | १ को | १९.०३ | १९.१२ |
| हङकङ डलर | १ को | १७.३१ | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.८६ | ४३९.८१ |
| बहराइन दिनार | १ को | ३५७.४० | ३५८.९९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सभामुख घिमिरे कम्बोडियामा

**काठमाडौं (प्रस)**– सभामुख देवराज घिमिरे सहिष्णुता र शान्तिका लागि अन्तर्राष्ट्रिय संसद् (आइपिटिपी) को ११औं बैठकमा सहभागी हुन पाँच सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै कम्बोडिया पुगेका छन् ।



उनलाई कम्बोडियाको नोम पेन्ह अन्तर र्‍ाष्ट्रिय विमानस्थलमा त्यहाँको संसद्का उच्च अधिकारीले स्वागत गरेको सभामुख घिमिरेका प्रेस विज्ञ शेखर अधिकारीले जानकारी दिए ।

सभामुख घिमिरे यही मंसिर ८ देखि ११ गतेसम्म कम्बोडियाको राजधानी नोम पेन्हमा आयोजना हुने कार्यक्रममा सहभागी हुन नेपाली प्रतिनिधिमण्डल नेतृत्व गर्दै शुक्रबार राति त्यसतर्फ प्रस्थान गरेका थिए । प्रतिनिधिमण्डलमा प्रतिनिधिसभा सदस्य ईश्वरबहादुर रिजाल, सभामुखका प्रमुख स्वकीयसचिव तेजप्रकाश भट्टराई र संघीय संसद् सचिवालयका उपसचिव गोपाल सिग्देल छन् । कम्बोडियामा नै रहेका प्रतिनिधिसभा सदस्य एकनाथ ढकाल पनि बैठकमा सहभागी हुने कार्यक्रम छ ।

'शान्ति, मेलमिलाप र सहिष्णुताको खोज' भन्ने मूल विषयसँगै शान्ति निर्माण, मेलमिलाप र सहिष्णुताको संरचना निर्माणमा सरकार, संसद् र नागरिक समाजबीचको समन्वय एवं सहअस्तित्व र समावेशी सम्बन्धका लागि बहुपक्षीयता र साझेदारीलाई सुदृढ बनाउने विषयमा आइपिटिपीमा छलफल हुने जनाइएको छ । सभामुख घिमिरेले बैठकमा नेपालको संसद्का तर्फबाट सम्बोधन गर्ने संघीय संसद् सचिवालयले जनाएको छ । भ्रमणका अवसरमा सभामुखले कम्बोडिया, संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया, भियतनाम र लाओसका प्रतिनिधिमण्डलसँग भेटवार्ता गर्ने कार्यक्रमसमेत रहेको छ । सभामुख नेतृत्वको प्रतिनिधिमण्डल यही मंसिर ११ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# पशुअधिकारका लागि 'भिगन ग्यालरी'

**काठमाडौं (प्रस)**– पशुअधिकार र भिगन जीवनशैलीबारे जानकारी दिने उद्देश्यले शनिबार यहाँ 'नेपाल भिगन ग्यालरी' कार्यक्रम आयोजना गरिएको छ ।

काठमाडौं एनिमल सेभको आयोजनामा कमलपोखरीस्थित सिटी सेन्टरमा आयोजित कार्यक्रममा पशु हिंसा रोक्न आह्वान गरिएका चित्र तथा भिगन फुडस्टल र सांगीतिक कार्यक्रम प्रस्तुत गरिएको एनिमल सेभकी शोभा भुजेलले जानकारी दिइन् । उनका अनुसार पशुजन्य भोजन र उत्पादन प्रयोग नगर्ने व्यक्ति र जीवनशैलीलाई भिगन भनिन्छ । भिगनहरू मासुमात्र होइन दूध, दही, घिउ र पनिर पनि खाँदैनन् ।

भिगन फुडस्टलमा गहुँ र वनस्पतिबाट बनाइएका विभिन्न परिकार राखिएका थिए । तीमध्ये गहुँ र अन्य वनस्पति स्रोतहरू प्रयोग गरेर बनाइएको सेइटान र भटमासको दूधबाट बनेको चिया धेरै रुचाएको थियो । मासुजस्तै देखिने र खाँदा पनि उस्तै महसुस हुने सेइटान मासु छाड्न चाहनेहरूका लागि राम्रो विकल्पका रूपमा रहेको भुजेलले बताइन् ।

कार्यक्रममा भिगन व्यवसाय र जनावर अधिकारबारे समूहगत छलफल गरिएको थियो । जसमा भिगन कल्याण सिलवाल र सामु योञ्जनले आफ्ना धारणा राख्दै सहभागीका जिज्ञासाबारे सम्बोधन गरे । योञ्जनले आफूहरूले पैसा कमाउनेभन्दा पनि पुण्य कमाउने ध्येयले भिगन खानाको व्यवसाय गरेको बताइन् । सिलवालले खाना र स्वादमा अझै निखार ल्याउन सके भिगन खानाप्रति मान्छेको थप रुचि बढ्ने धारणा राखे ।

कार्यक्रममा पूर्वतुम्बाको 'लब्रेकुटीमा शाकाहारी कुकुर' कविता संग्रह र घनश्याम खड्काको 'आनन्द संहिता' वाचन गरिएको थियो । पछिल्लो समय भिगन जीवनशैली अपनाउनेको संख्या बढ्न थालेको जनाइएको छ । विशुद्ध शाकाहारी भोजन र अहिंसाको प्रवर्द्धनका लागि कार्यक्रममा 'ओम्निभोर' जीवन अपनाउनेहरूको पनि सहभागिता रहेको थियो ।

# सम्पदा संरक्षण गर्न सुवर्णपुर सम्पदा संरक्षण समिति

**काठमाडौं (प्रस)**– काठमाडौंको मध्यभागस्थित सुवर्णपुर क्षेत्रमा रहेका प्राचीन स्मारक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्त्वका भाषा, संस्कृति, संग्रहालय, ललितकला वा कलात्मक वस्तुको संरक्षणका लागि काठमाडौं महानगरपालिकाले कानुन निर्माण गरेको छ ।

महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अख्तियार प्रयोग गरी नगर कार्यपालिकाले काठमाडौं महानगरपालिका सुवर्णपुर सम्पदा संरक्षण निर्देशिका, २०८० बनाएको काठमाडौं महानगरपालिका वडा नं ७ का वडाअध्यक्ष विमलकुमार होडाले जानकारी दिए ।

यस क्षेत्रका सम्पदाको सम्भार, प्रवर्द्धन र विकास गर्न तथा परम्परागत जात्रापर्वको सञ्चालन र व्यवस्थापनबाट यस क्षेत्रको सांस्कृतिक मौलिकताप्रति भावी पुस्ताले गौरव महसुस गर्न सकून् भन्ने उद्देश्यले समग्र र बृहत् गुरुयोजनाका साथ काम गर्न कानुन निर्माण भएको उनले सुनाए ।

निरन्तररूपमा सुवर्णपुर क्षेत्रमा सम्पदा संरक्षण कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ले दिएको अधिकारअनुसार महानगरपालिकाले यो कानुन बनाएको हो । सुवर्णपुर क्षेत्रमा महानगरपालिका वडा नं ७ को अधिकांश भाग र वडा नं ६ र ८ को केही भाग पर्ने पनि वडाअध्यक्ष होडाले जानकारी दिए । यो क्षेत्रका सम्पदाको व्यवस्थापन गर्न सुवर्णपुर सम्पदा संरक्षण समिति पनि गठन गरिएको छ ।

सुवर्णपुर क्षेत्रमा पश्चिममा धोबीखोला, पूर्वमा कुमारीगाल, उत्तरमा चक्रपथ र दक्षिणमा सिफलचौर हुँदै कालोपुल धोबीखोलाको चार किल्लाभित्रको ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको क्षेत्र पर्ने भनी परिभाषित गरिएको छ ।

महानगरपालिका वडा नं ७ का वडाध्यक्षको अध्यक्षतामा गठन हुने सम्पदा संरक्षण समितिमा महानगरपालिकाको सम्पदा तथा पर्यटन समितिको संयोजक, महानगरपालिकाको वडा नं ६ र ८ का वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य एक/एक जना गरी दुई जना, महानगरपालिकाको सम्पदा तथा पर्यटन विभागका विभागीय प्रमुख, पशुपति क्षेत्र विकास कोषको प्रतिनिधि, पुरातत्त्व विभाग र गुठी संस्थानको अधिकृतस्तरको प्रतिनिधि, प्रहरी वृत्तका एक जना, सुवर्णपुर क्षेत्रका नित्य पुजारीमध्येबाट तीन जना, संस्कृतिविद्, पुरातत्त्वविद्, इतिहासकार, समाजसेवी, बुद्धिजीवी वा भक्तजनमध्येबाट अध्यक्षले मनोनयन गरेका स्थानीय (कम्तीमा एक जना महिलासहित) व्यक्ति चारजना सदस्य रहने व्यवस्था गरिएको छ ।

समितिले तोकेको स्थानीय व्यक्ति एकजना सदस्यसचिव रहने व्यवस्था गरिएको छ । सुवर्णपुर सम्पदा क्षेत्र पशुपति क्षेत्रभित्र नै पर्छ । पशुपति क्षेत्रभित्र नै पर्ने भए पनि सम्पदाको संरक्षणमा उल्लेख्य कुनै काम हुन नसकेकाले कानुन निर्माण गरी समिति गठन गरिएको वडाध्यक्ष होडाले बताए ।

# धरहरा चढ्न आजदेखि २०० रुपैयाँ तिर्नुपर्ने

**काठमाडौं (प्रस)**– परीक्षणका रूपमा निःशुल्क खुला गरिएको धरहरा चढ्न स्वदेशी नागरिकलाई प्रतिव्यक्ति २०० रूपैयाँ शुल्क तोकिएको छ । विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति ५०० रूपैयाँ र सार्कबाहेक राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ शुल्क निर्धारण गर्न सहरी विकास मन्त्रालयले गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेस गरेको थियो ।

उक्त प्रस्ताव स्वीकृत भएसँगै आज मंसिर ९ गतेदेखि धरहरा चढ्दा उल्लिखित शुल्क लाग्ने मन्त्रालयले जनाएको छ । स्वदेशी नागरिकको हकमा भने विद्यार्थीले, ज्येष्ठ नागरिक, बालबालिका र अपांगता भएका व्यक्तिहरूले धरहरा चढ्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट पाउने छन् । यस्तै, धरहरामा पार्किङ गर्दा चार पांग्रेलाई प्रतिघण्टा रूपैयाँ २० र दुई पांग्रेलाई १० रूपैयाँ तोकिएको छ ।

यस्तै, धरहरा स्तम्भमा राष्ट्रिय महत्त्वका विज्ञापन (व्यावसायिक बाहेक) गर्न प्रतिघण्टा पाँच हजार रूपैयाँ, धरहरापरिसरमा व्यावसायिक भिडियो छायांकन गर्न प्रतिघण्टा पाँच हजार रूपैयाँ र फोटोग्राफीका लागि प्रतिघण्टा एक हजार रूपैयाँ शुल्क निर्धारण गरिएको छ ।


## श्री नं.१ वन तथा पर्यावरण सुरक्षा गण, रानीबास व्यारेक, सिन्धुली

**फायर फाइटिङ सामान खरिद e–GP सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०८(०९ गते)
ठेक्का सूचना NA/No1fes/081/82/03

१. यस गणले सिन्धुली जिल्लास्थित कमलामाई न. पा.-१४ चन्दनपुरस्थित फायर फाइटिङ सामान खरिदको लागि e–GP System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आवहान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/सप्लार्यसहरूले विस्तृत जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२. विद्युतीय माध्यमबाट सिलबन्दी दरभाउपत्र (सिल कोटेशन) अपलोड गर्नु पर्ने अन्तिम मिति २०८१/०८/२४ गतेको १२:०० बजेभित्र र सिलबन्दी दरभाउपत्र खोलुवा सोही दिनको १३:०० बजे गण कार्यालय रानीबासमा हुनेछ ।
३. थप जानकारीको लागि यस गण कार्यालयको फोन नं.९८५४०४५६१९ मा समेत सम्पर्क गर्न सक्नु हुनेछ ।

**बोलपत्रको विवरण**

| क्र.सं. | कामको विवरण | बोलपत्र मान्य अवधि | बोलपत्र दस्तुर रु. | लागत अनुमान रकम रु. (मु.अ.कर बाहेक) | बोलपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिन्धुली जिल्लाको कमलामाई न.पा.१४ चन्दनपुरस्थित फायर फाइटिङ सामान खरिद | ४५ दिन | 1000.00 | 16,99,275.00 | 51000.00 | ४५ दिन |

## कतारमा रोजगार

**कम्पनी : GOLDEN ARROW CONTRACTING W.L.L**

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314095 | चलानी नं. ६०२२८४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1500 | ५५,५३८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason. | 3 | 0 | 1500 | ५५,५३८ | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1500 | ५५,५३८ | | | | | | | |

**कम्पनी : AMWAJ ALMSELA TRADING AND CONTRACTING WLL**

पूर्व स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 314096 | चलानी नं. ६०२२८४८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 3 | 0 | 1300 | ४८,१३३ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BULDING WORKER | 7 | 0 | 1300 | ४८,१३३ | | | | | | | |
| 3 | ELECTRIC TECH | 4 | 0 | 1500 | ५५,५३८ | | | | | | | |
| 4 | GEN. CLEAN WORKER | 0 | 2 | 1300 | ४८,१३३ | | | | | | | |
| 5 | Labour/Labour Services | 7 | 0 | 1300 | ४८,१३३ | | | | | | | |
| 6 | Plumber | 5 | 0 | 1500 | ५५,५३८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १६ गते (1st Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## कुवेतमा रोजगार

**कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY**

पूर्व स्वीकृति मिति : २०८०/१०/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/०७ | LT. No. 299517 | चलानी नं.६०२२१४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 40 | 40 | 85 | ३२,२३७ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | COOK/CHEF ASSISTANT | 39 | 0 | 150 | ६५,७७७ | | | | | | | |
| 3 | Driver | 20 | 0 | 150 | ६५,७७७ | | | | | | | |
| 4 | Security Guard | 20 | 0 | 130 | ५७,००६ | | | | | | | |
| 5 | Waiter/Waitress | 30 | 30 | 150 | ६५,७७७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर १३ गते (28th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



Government of Nepal
Ministry of Home Affairs

## Armed Police Force, Nepal

**Nepal A.P.F Hospital, Procurement Section,**
Balambu, Kathmandu, Nepal

## Invitation for Bids

**IFB No: APFH/NCB/G/03/2081/082**
**Date of publication: 2081/08/09**

1. Nepal (APFH), Procurement Section invites electronic bids from eligible bidders for the procurement of below mentioned equipment under National competitive bidding single stage two envelope procedures specified in Public Procurement Act and Regulations.
2. The bidder may submit the bid for below mentioned contract IDs and offer discounts/gross discounts. Evaluation will be done as package basis for S.N.2,3,4 & 8 and remaining contract IDs will be done for each contract, with contracts awarded based on the award combination that is of least cost to the Purchaser. The name and identification of the contracts are as follows:

| S. N. | Contract ID No. | Name of Procurement | Quantity | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | APFH/NCB/G/03/2081/082/001 | DR System | 1 Set | 3,000.00 | 56,000.00 |
| 2 | APFH/NCB/G/03/2081/082/002 | **Physiotherapy Relevant Equipments** | | 3,000.00 | 1,80,000.00 |
| | | Combination Electrotherapy | 1 Set | | |
| | | Combination Electrotherapy (Portable) | 1 Set | | |
| | | Continuous Passive Motion CPM Lower Limb -5 digree 130 digree | 1 Set | | |
| | | Static Cycle | 1 Set | | |
| | | Cryotherapy | 1 Set | | |
| | | Spinal Decompression Set | 1 Set | | |
| | | Magneto therapy | 1 Set | | |
| 3 | APFH/NCB/G/03/2081/082/003 | **Neurosurgery Relevant Equipments** | | 3,000.00 | 1,17,000.00 |
| | | Neuro Endoscopy set | 1 Set | | |
| | | Mayfield Three pin Skul Clamp | 1 Set | | |
| 4 | APFH/NCB/G/03/2081/082/004 | **General Surgery Relevant Equipments** | | 3,000.00 | 1,79,000.00 |
| | | Diode laser for Proctology/ Varicose Vein | 1 Set | | |
| | | Power Dermatome | 1 Set | | |
| | | Irrigator pump (for Urology, ENT, Laproscopic, Arthoscopic & other minimal invasive surgery) | 1 Set | | |
| | | Burn Unit Accessories (Hand held vascular Doppler system & Skin grafting mesher) | 1/1 Set | | |
| 5 | APFH/NCB/G/03/2081/082/005 | Brain Scanner | 2 Set | 3,000.00 | 1,46,000.00 |
| 6 | APFH/NCB/G/03/2081/082/006 | Skin-Co2 Laser | 1 Set | 3,000.00 | 49,000.00 |
| 7 | APFH/NCB/G/03/2081/082/007 | 4k Tower | 1 Set | 3,000.00 | 2,19,000.00 |
| 8 | APFH/NCB/G/03/2081/082/008 | **Other Machinery & Equipments** | | 3,000.00 | 2,32,000.00 |
| | | Elevator (LIFT) | 1 Set | | |
| | | Generator 500KVA | 1 Set | | |
| 9 | APFH/NCB/G/03/2081/082/009 | Modular Operation Theatre Set | As mentioned in bid document | 5,000.00 | 7,91,000.00 |

3. Eligible Bidders may obtain further information from the office of Nepal A.P.F. Hospital, Procurement Section, Balambu, Kathmandu, Tel 01-4315224, email apfhospital.procurement@gmail.com or may visit www.bolpatra.gov.np/egp or www.apf.gov.np.
4. Information to deposit Rajaswa (revenue) for the cost of bidding document in Bank:
**Name of the Bank:** Rastriya Banijya Bank Teku Branch
**Name of Office:** Nepal A.P.F. Hospital Office Code no. 314053501
**Office Account no.:** 1000100200010000 Rajaswa (Revenue) Shirshak no :14229
5. Pre-bid meeting shall be held at NAPFH, Procurement Section, Balambu, Kathmandu, 2081/08/24 at 13:00 Hrs.
6. Bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2081/09/09 Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on 2081/09/09 at the office of Nepal APFH., Procurement Section. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid. (i.e. Date 2082-01-09/ 22 April, 2025)

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ‘क्रेडिट रेटिङ’ले जगाएको आशा

मुलुकले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने प्रयास निरन्तर गरिरहे पनि अपेक्षाकृत सफलता हात पार्न सकेको छैन। यसको पछाडि विभिन्न कारणहरू छन्। राजनीतिक अस्थिरता, नीतिगत अस्पष्टता, कानुन अभाव, झन्झटिलो प्रक्रियालगायतका कारण लगानीकर्तालाई विश्वस्त पार्न कठिन भइरहेको थियो । लगानीकर्ताले खोजेको अर्को महत्त्वपूर्ण सूचक थियो, मुलुकको ‘सोभरेन क्रेडिट रेटिङ’ अर्थात् सार्वभौम साख मूल्यांकन। अब भने यो सूचक पनि प्राप्त भएको छ । मुलुकले पहिलोपटक क्रेडिट रेटिङको नतिजा प्राप्त गरिसकेको छ। प्रक्रिया सुरु भएको करिब छ वर्षपछि नेपालले आफ्नो क्रेडिट रेटिङ सम्पन्न गरेको हो।

पहिलोपटक गरिएको क्रेडिट रेटिङमा नेपालले ‘डबल बी माइनस’ अंक प्राप्त गरेको छ । यो मुलुकका लागि उत्साहजनक नतिजा भएको सरोकारवालाहरूले बताएका छन् । यसले मुलुकमा एक हिसावको उत्साह थप्ने काम गरेको छ । पहिलोपटक गराएको क्रेडिट रेटिङको नतिजा शुक्रबार सार्वजनिक गर्दै अर्थ मन्त्रालयले यसलाई ‘सन्तोषजनक’ भनेको छ। यो रेटिङले नेपालको अर्थतन्त्रको संरचना, सार्वजनिक वित्तीय व्यवस्थापन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको र लगानीमैत्री वातावरण रहेको देखाएको मन्त्रालयको भनाइ छ। लगानीकर्ताले प्रतिफल हेरेर लगानी गर्छन्। निर्धारण गर्ने आधारका रूपमा क्रेडिट रेटिङलाई हेर्ने गरिन्छ । नेपालमा सहज र सुदृढ लगानीको वातावरण छ भन्ने कुरा यो रेटिङको नतिजाले देखाएको छ ।

निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूले पनि क्रेडिट रेटिङको नतिजा ऐतिहासिक भएको प्रतिक्रिया दिएका छन् । पूर्वअर्थसचिव शिशिरकुमार ढुंगाना रेटिङले लगानी वातावरणका लागि आत्मविश्वास बढाउने बताउँछन्। उनका अनुसार अहिलेको नतिजाले नेपालमा गरिएको लगानीको तिर्नसक्ने क्षमता (क्रेडिट वर्दिनेस) राम्रो छ भन्ने देखाएको छ । यसले यहाँ भएको लगानी डुब्दैन भन्ने सुनिश्चितता प्रदान गर्दछ । वित्तीय स्रोत परिचालनका लागि अझै ठाउँ छ भन्ने कुरा पनि रेटिङ नतिजाले देखाएको उनको भनाइ छ । विश्वकै मुख्य तीन रेटिङ एजेन्सीमध्येको ‘फिच रेटिङ’ले नेपालको साखको स्वतन्त्र आँकलनपछि भनेको छ, ‘नेपालको सार्वजनिक ऋण र कूल गार्हस्थ उत्पादन (जिडिपी)को अनुपात सुविधाजनक अवस्थामै छ । नेपालले राखेको लक्षित आर्थिक वृद्धि र राजस्व सुदृढीकरणबाट यो अनुपात अहिलेकै अवस्थामा कायम रहन सक्छ । सहनशीलता राम्रो छ। बाह्य क्षेत्र राम्रो छ।’

सरकारले अब यसको लाभ लिन आवश्यक पहल थाल्नुपर्छ। मुलुकको समृद्धिका लागि बढीभन्दा बढी प्रत्यक्ष वैदेशिक भित्र्याउन जरुरी छ। निजी क्षेत्रबाट पनि यसका लागि पहल हुनुपर्छ। यसमा सरकारले अग्र भूमिका निर्वाह गर्नुपर्छ । रेटिङमा पाएको हालको नतिजामा सन्तुष्ट मानेर बस्नेमात्र नभइ थप सुधारका लागि आजै कदम चाल्नुपर्छ। किनकि, अर्थतन्त्रका बाह्य सूचक सकारात्मक भए पनि आन्तरिक समस्या कायमै छ। बाह्य सूचक पनि रेमिटयान्समा निर्भर रहनु राम्रो होइन। त्यसैले आवश्यक सुधार र प्राप्त नतिजाबाट लाभ लिन ढिलाइ नगरौं।

## मननयोग्य

### चाणक्य नीति

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्।

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै ‘धर्म देवता’ हुन् । जसलाई ‘यमराज’ पनि भनिन्छ। यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ)। त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहनछ। क्रमशः

# पूर्वमुख्यमन्त्री राजेन्द्र पाण्डेलाई खुलापत्र



■ सरोजदिलु विश्वकर्मा

> कमरेडहरू व्यक्तिगत कमाउन-जमाउन नभई जनताको हितमा द्रुत डेलिभरी दिई सेवा गर्न मुख्यमन्त्री, मन्त्री बन्नुभएको हुनुपर्छ । जनताको सहज पहुँच र समृद्धिका खातिर नयाँ पार्टी निर्माण गरिएको हुनुपर्छ । तर तपाईंहरूले हामीजस्ता अघिल्ला पंक्तिका कार्यकर्तालाई त दुःख सिवाय केही दिनुभएन भने सर्वसाधारण जनतालाई के गर्नुहोला ? सहजै अनुमान लगाउन सकिन्छ ।

**क.राजेन्द्र पाण्डेज्यू,**

नयाँ जनभावना बोकेको नयाँ पार्टीका वरिष्ठ उपाध्यक्ष अनि पूर्वमुख्यमन्त्रीज्यू ! केही परम्परावादी कामरेडहरूले अराजक आरोप लगाए पनि म (हामी) अराजक नभइ विद्रोही हौं । नेकपा एमालेभित्रको दासता, तानाशाही, एकल निरकुंशताकाविरुद्ध तपाईंसँगै विद्रोह गरेर नयाँ विचारसहित नयाँ पार्टी निर्माण गर्न आएका हामी कार्यकर्ता । यस हिसावले पनि हामी तपाईंसँग केही गुनासा र केही माग गर्ने अधिकार राख्दछौं । तपाईंले लिखित गुनासाहरूमा कुनै चासो नराखेकोले मिडियामा आउन बाध्य भएका हौं ।

तपाईं पार्टीको तर्फबाट बागमती प्रदेशको १४-१५ महिना मुख्यमन्त्री हुनुभयो । अरु कामरेडहरू पनि संघीय र प्रदेशका मन्त्री हुनुभयो । हामीले गौरव मान्यौं, बधाई दियौं, फूलमाला खादा लगाइदियौं । केही आशा गर्‍यौं, आग्रह गर्‍यौं । ती आग्रहहरू नितान्त हाम्रो (मेरो) व्यक्तिगत इच्छापूर्तिका लागि नभई यस पार्टीमा लाग्ने र लगाउनुपर्ने सयौं कार्यकर्ताको भावनालाई सम्बोधन गर्नका लागि थिए । त्यस हिसावले पनि आफ्नो पार्टीले बनाएको मुख्यमन्त्री र मन्त्रीज्यूसँग आग्रह अनुरोध गर्नु स्वाभाविक थियो । कतिका आग्रह अनुरोध सुनिए, सम्बोधन भए होलान् तर हाम्रा माग, आग्रह, अनुरोध ढुंगालाई पूजा गरेजस्तो भयो । केही सुनुवाइ भए पनि एक कानले सुनेर अर्को कानले उडाइयो, हामीलाई निराश बनाइयो, हाम्रा कारणले लक्षित जनतालाई धोका दिइयो । उनीहरूलाई वेफकुफ बनाउन तपाईंहरूले बाध्य पार्नुभयो । तपाईंहरूकै कार्यकर्ता भएको नाताले त्यसको क्षतिपूर्ति आज तपाईं(हरू)सँग माग्दै छु ।

कामरेड ! हामी त जनताको काम गर्छौं, ती काम देखाएरै जनतालाई यस पार्टीमा भित्र्याउँछौं र पार्टीलाई फराकिलो बनाउने छौं भनेर एमालेबाट विद्रोह गरेर आएका । सो मूताविक धादिङ जिल्लाको गल्छी गाउँपालिका र धुनेवेशी नगरपालिकाका २०० जना दलित विपन्न महिलाहरूलाई विभिन्न हस्तकला कालिगढको तालिम दिएर तिनीहरूबाट समान उत्पादन गराउने र उत्पादन भएका समानहरू हामी आफैंले किनेर राष्ट्रिय अन्तर्राष्ट्रिय बजारमा बेची उनीहरूलाई रोजगारी दिन्छौं, स्वावलम्बी बनाउँछौं भनेर २०७८ पुसतिर काठमाडौंबाट आफ्नै खल्तीबाट ठूलो खर्च गरी दलितहरूको दलबलसहित तपाईंको कार्यालयमा पुगेका थियौं । र, तपाईंले हाम्रो कुरा सुनेर ‘ओहो यस्ता कार्यक्रमहरू पो राज्यलाई चाहिएको, ल म तयार छु, कार्यक्रम स्वीकृत हुन्छ र तपाईंहरूको खातामा एक हप्तामा सहयोग आउँछ, काम आरम्भ गर्नुस्’ भनेर तपाईं आफैंले वचन दिनुभएको स्मरण नै होला । हामीले उत्पीडित गरिब, दलित महिलाहरूले उत्पादन गरेका केही फेल्टजन्य वस्तुहरूसमेत तपाईंहरूलाई उपहार प्रदान गर्‍यौं ।

प्रदेश सरकारको मुख्यमन्त्रीको वचन सामान्य होइन, त्यो वचनले हामी उत्साहसहित फर्कियौं र लगतै धादिङको गल्छी र धुनेवेशी नगरपालिकामा गई २०० जना दलित, जनजाति, विपन्न महिलाको समूह गठन गरेर ‘अब तपाईंहरूलाई नियमित रोजगार बनाउँछौं’ भनेर ढुक्क बनायौं । उहाँहरू खुसी हुँदै ‘यदि तपाईंहरूको पार्टीले हामीलाई रोजगार दिन्छ भने हामी पनि तपाईंहरूको पार्टीको झण्डा बोक्छौं’ भनेर हर्षित हुनुभयो र मीठो आतिथ्यतासहित हामीलाई मिठोमसिनो खानपिन गराउनुभयो ।

तर सात दिन भन्दाभन्दै, सात दिन गन्दागन्दै आर्थिक वर्ष २०७८/७९ गयो । हामीले सयौंचोटि फोन गर्‍यौं, दर्जनौंपटक इमेल पठायौं । तपाईंहरूले ‘ढुक्क हुनोस्, काम थाल्नोस्’ भनेको आधारमा केही हजार खर्चसमेत हाम्रै पसिनाबाट गरेका थियौं । स्थानीय चुनाव भयो, त्यसपछि संघीय चुनाव भएर नयाँ सरकार बन्यो तर तपाईंको वचन पूरा भएन । हामीले धादिङका निर्धा, निमुखा, पहुँचविहीन विपन्न दिदीबहिनीलाई पनि ‘हुन्छ हुन्छ’ भन्दै ढाँटिरहयौं ।

स्थानीय चुनावमासमेत ‘ल, चुनावपछि लगतै हुन्छ’ भनेर अझै ढाँटेर हाम्रो पार्टीमा भोट हाल्न लगायौं । धेरै कांग्रेसीहरूलाई हाम्रो पार्टीको झण्डा बोक्ने पनि बनायौं । तर तपाईंहरूले कहिले धादिङको सीप विकास केन्द्र, कहिले काठमाडौंको घरेलु, कहिले काठमाडौं महानगरपालिका त कहिले हेटौंडाको तालिम केन्द्रमा पैसा गएको छ भन्दै हामीलाई कुदाइरहनुभयो । तपाईंहरूले सरकारी गाडी चढेर, सरकारी खाना खाएर र सरकारी आवासमा बसेर हामीलाई जिस्काइरहनुभयो । हामी भने मुख्यमन्त्रीज्यूबाट काम हुन्छ भन्दै अरुतिरबाट आम्दानी हुने हाम्रो समय र आफ्नै पैसा खर्च गरेर कुदिरहयौं ।

आर्थिक वर्ष २०७८/७९ सकिएपछि मैले तपाईंलाई पार्टी कार्यालयमा दुईपटक भेटें, ढोगें । तपाईंले पार्टी कार्यालयको रिसेप्सनमा ‘जहाँ भेटयो त्यही आरान थापेर हुन्छ त ?’ भनेर जातीयरूपमा अलि होच्याएर कुरा गर्दासमेत दूध दिने गाईको लात्ती सहनैपर्छ भनेर केही जवाफ लगाएनौ । तपाईंले कार्यालयमा आउनू भनेर भन्नुभएबमोजिम फेरि आफ्नो लगानी, श्रम र समय खर्चेर यहाँबाट हेटौंडा पुग्यौं । पुनः फायल बुझायौं, तपाईंले सही गरेर पिएमार्फत विभिन्न तहमा पठाउनुभयो ।

‘यस वर्ष सबै गरेर तीन-चार करोड यस्तै जनहितका तालिममा राखेको छु, यसपालि हाल्दिन्छु, काम थाल्नोस्’ भन्नुभयो । विगतको आश्वासन, दुःख, दौड सबै बिर्सेर यसपल्ट त मुख्यमन्त्रीले गर्नुहुन्छ नै भनेर फेरि कुदयौं । दुईपल्ट धादिङ पुगेर सुतेका चारवटा समूहलाई फेरि ब्युझायौं । उनीहरू पनि आनाकानी गर्दै उठे । यसपल्ट त ढाँट्दैनौं भनेर फेरि उनीहरूको भात खायौं । तर पनि आज होला, भोलि होला भन्दाभन्दै तपाईंको सरकारी कार्यालयतिर फोन उठ्न छोडयो । सरकारी दालभात खाएका, गाडी चढेका, सरकारी साबुनपानी र तातो चिसोमा रमाइरहेका तपाईंका पिएहरूले उल्टै हप्काउन थाले, फोन काट्न थाले । लगत्तै मंसिर ४ गतेपछि तपाईं पनि व्यस्त हामी पनि चुनावमा जिल्लातिर व्यस्त । चुनाव जितेर आएपछि फेरि एकचोटि पार्टी कार्यालयमा भेट्दा तपाईं ङिच्च हास्दै ‘त्यो काम हुन्छ, म गएर फेरि ताकेता गर्छु’ भनेर हामीलाई मख्ख पार्नुभयो । हामी आश गरिरहयौं तर एकाएक तपाईंको राजीनामा आयो । हामी हिस्स पर्‍यौं ।

कमरेड, कम्युनिस्ट आन्दोलनमा केपी ओलीको विकल्प दिन तपाईंहरूसँगै म (हामी) नयाँ पार्टी बनाउन विद्रोह गरेका कार्यकर्ता, तपाईंले हामीलाई पटक-पटक ढाँट्दा साह्रै निराश भयौं । मेरा (हाम्रा) कारणले विभिन्न पार्टी पृष्ठभूमिबाट हाम्रो पार्टीमा आएका साथीहरू निराश भए, हामीसँग रिसाए । हाम्रा कारणले धादिङका दिदीबहिनीहरूसमेत निराश भए, रिसाए । हामीलाई खुवाएको दालभात पनि फिर्ता माग्ने अवस्थामा हामीले पुर्‍यायौं । जसका कारणले पार्टीमा अति कम मत पर्‍यो । हाम्रो पार्टी राष्ट्रिय पार्टी बन्न नसक्नुको यो पनि एउटा कारण थियो ।

अहिले मलाई ‘तेरा नेताहरू त फटाहा रहेछन्, फटाहा नेताको कार्यकर्ता तँ पनि फटाहा नै रहेछस्’ भन्दै तेरो पार्टीमा बस्दैनौं भन्दै छन् । धादिङका दिदीबहिनी ‘ती गफाडीहरू फेरि आउन् त, चिर्पटले ढाँड् भाँच्छौं’ भन्दै छन् रे ! तपाईंका कारणले म र मेरा कारणले केही गरौं देशका लागि केही योगदान दिऊँ भन्ने साथीहरू र हामी सबैका कारण धादिङको सोझासीधा निमुखा, इमान्दार सच्चाईको संस्कार भएका दिदीबहिनीहरू रुख र घण्टी छाप भइसकेका छन् । हामीमध्येका केही साथीहरू त यहीं मुलुकमा केही गरौं भन्दाभन्दै हालसालै विदेश पलायन भए । यसको मुख्य कारण तपाईं होइन र पूर्वमुख्यमन्त्रीज्यू ?

कमरेडहरू व्यक्तिगत कमाउन-जमाउन नभई जनताको हितमा द्रुत डेलिभरी दिई सेवा गर्न मुख्यमन्त्री, मन्त्री बन्नुभएको हुनुपर्छ । जनताको सहज पहुँच र समृद्धिका खातिर नयाँ पार्टी निर्माण गरिएको हुनुपर्छ । तर तपाईंहरूले हामीजस्ता अघिल्ला पंक्तिका कार्यकर्तालाई त दुःख सिवाय केही दिनुभएन भने सर्वसाधारण जनतालाई के गर्नुहोला ? सहजै अनुमान लगाउन सकिन्छ । खासमा तपाईंहरूले त पार्टीलाई पनि धोका दिनुभयो । तपाईंहरू सक्नुहुन्न, जान्नुहुन्नथ्यो भने किन पद ओगट्नुभयो ? किन मुख्यमन्त्री, मन्त्री बन्नुभयो ? कि त हामीलाई यी दलित, यी कामी, दमाई सार्की, महिला, उत्पीडित निमुखाहरूलाई यसरी नै आश्वासन दिँदै थम्थम्याउँदै कमाउने हो भन्ठान्नुभयो ?

अब राज्यलाई तपाईंहरूले पुर्‍याएको घाटा त बेहोर्न पक्कै तयार हुनुहुन्न नै होला । तर, हामीलाई निराश बनाएकोमा, दुःख दिएकोमा, हाम्रो श्रम र आर्थिक खर्च गराएकोमा तपाईंबाट क्षतिपूर्तिको असुलउपर हुने छ भन्ने आशाचाहिँ गर्दछौं ।

## पत्र-मञ्जुषा

# सिन्सियरमाथि किन छानबिन गर्दैन अख्तियार र सम्पत्ति शुद्धीकरण

‘ठूलालाई चैन, सानालाई ऐन’ भन्ने त नेपाली उखानै छ। पहुँचवालाले यहाँ कानुन तोडे पनि, सीधासाधीको घरबास उजाडे पनि उनीहरूको अगाडि नियामक निकाय हात बाँधेर बस्छ। राजधानीको पुतलीसडकस्थित सिन्सियर सेभिङ् एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडले सडकमा ल्याइपुर्‍याएको भनी पटक-पटक उजुरी पर्दा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग आँखामा पट्टी बाँधेर बसेका छन्।

अवैधरूपमा जोडेको सम्पत्ति छानबिनका लागि गठन गरिएको अख्तियार र सम्पत्ति शुद्धीकरणले अनुसन्धानमा चासो नदेखाएर सीधासाधीलाई ‘मर्नु न बाँच्नु’ बनाउनेलाई कारबाही नगरेर झन् ठग्नलाई प्रश्रय दिइरहेका छन् । सिन्सियरविरुद्ध पहिलोपटक २०७९ चैत ८ गते अख्तियार र सम्पत्ति शुद्धीकरणमा उजुरी परेको छ । अख्तियारमा दर्ता भएको उजुरीको दर्ता नम्बर सी-०४८८०९ रहेको छ ।

त्यसैगरी, सोही दिन सम्पत्ति शुद्धीकरणमा पनि उजुरी परेको देखिन्छ । उजुरीको दर्ता नम्बर ४४५५ रहेको छ। उजुरीमा सिन्सियरको ठगीधन्दाको नालीबेली उल्लेख गरिएको छ। २०५७ मंसिर २९ गते दर्ता भएको उक्त संस्थाले कसरी ऋणीको सर्वस्व सकायो ? उजुरीकर्ताले उजुरीमा खुलाएका छन्। अर्काको उठीबास लगाएर संस्थाका अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठ, कार्यकारी निर्देशक राजेश खड्का र कर्जा अधिकृत मीरा कर्माचार्यले सम्पत्ति जोडेकोबारे पनि बेलीविस्तार लगाइएको छ।

चार पृष्ठ लामो सो उजुरीमार्फत उजुरीकर्ताले उनीहरूले गलत रूपमा कमाएको सम्पत्तिमाथि छानबिन गर्न जोडतोडका साथ माग गरेका छन्। राजनीतिक दल र गुण्डागर्दीको आडमा सिन्सियरले ठगीधन्दा चलाएको उजुरीकर्ताको जिकिर छ। उजुरीमा भनिएको छ, ‘राजनीतिक दल र गुण्डाको आडमा ठगीधन्दा चलाएर, हजारौंको उठीबास लगाएर जोडेको सम्पत्तिमाथि छानबिन गर्न भनि अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष माग गर्दछु। गलत तरिकाले कमाएको सम्पत्ति छानबिन गरी निजहरूलाई कानुनको दायरामा ल्याउन अनुरोध गर्दछु।’

सो उजुरीमा सम्पत्ति शुद्धीकरणलाई बोधार्थ दिइएको छ। उजुरीकर्ताका अनुसार सिन्सियरले विशेषतः टयाक्सी चालकलाई कर्जा दिने गरेको छ। घरजग्गा, सेयर, निजी गाडीमा पनि सिन्सियरको कर्जा लगानी रहेको छ। कति चालक नपढेका, कति साधारण पढलेख भएकाले ठग्न सजिलो हुने भएकाले उनीहरूलाई कर्जा दिइने उजुरीकर्ताको जिकिर छ। १५ लाखको टयाक्सी राखेर १० लाख कर्जा दिँदा २५ हजार घूस र २० हजार रूपैयाँ सेवाशुल्क लिइने र मासिक ब्याज पनि १५-२० प्रतिशतले असुल्ने उजुरीपत्रमा उल्लेख छ।

एक करोडको घरजग्गा राखेर ६० लाख कर्जा दिँदा १० लाख घूस खाइदिने पनि भनिएको छ। तीन किस्ता नतिर्नेबित्तिकै धितो खाइदिने र मासिक तिरेको किस्ता बचत खातामा लगेर हालिदिने पनि उजुरीकर्ताले बताएका छन्। कर्जा दिने बेला खाली नेपाली कागज र फोटोकपीमा ल्याप्चे र हस्ताक्षर गराउने सिन्सियरले ऋणी उपस्थित नै नभईकन मालपोत र यातायातबाट धितो नामसारी गर्छ।

त्यसरी नै संस्थाका पदाधिकारीहरू करोडौंको मालिक बनेको उजुरीकर्ताको भनाइ छ। सिन्सियरको कारणले धेरै परिवार विस्थापित भएका छन्। त्यस्तै, सिन्सियरविरुद्ध २०८० साउन २८ गते अर्को उजुरी परेको छ। ‘सम्पत्तिको छानबिन गरिपाऊँ’ भन्दै परेको उजुरीको दर्ता नम्बर सी-००८०६२ रहेको छ। उनीहरूले कर्जावालसँग घूस खाएर अंकुत सम्पत्ति जोडेको भन्दै छानबिनको लागि अख्तियारको ध्यानाकर्षण गराइएको छ। विगतमा खासै पुर्ख्यौली सम्पत्ति नभएका उनीहरू सहकारीको पदाधिकारी बनेको छोटो समयमै महलजस्तो घरमा बस्ने र ठूला गाडी चढ्ने हैसियतमा पुगेको उजुरीकर्ताले बताएका छन्।

कर्जावाललाई सडकको बासमा पुर्‍याएर मोटाएकाहरूलाई कानुनको दायरामा ल्याउन माग गरिएको छ। पछिल्लोपटक संस्थामा भएको कालोधन छानबिनको माग गर्दै उजुरी परेको देखिन्छ। संस्था कालोधन राख्ने थलो बन्दै उजुरीकर्ताले अख्तियारको ध्यान केन्द्रित गराएका छन्। गत कात्तिक २५ गते परेको उजुरीको दर्ता नम्बर सी-०२७४८५ रहेको छ। उजुरीमा भनिएको छ, ‘यो संस्थामा राजनीतिक दलका नेता, सरकारी कर्मचारी, व्यापारीलगायतले आफ्नो कालोधन लुकाएका छन्। भ्रष्टाचार, राजस्व छली, गुण्डागर्दी र स्रोत नखुलेको रकम यो संस्थामा छ। अख्तियार र सम्पत्ति शुद्धीकरण विभागले यो संस्थामा अनुसन्धान गर्ने हो भने भ्रष्टाचारी, राजस्व छलीहरू कानुनको दायरामा आउँछन्।’

त्यसैगरी, संस्थाका तीन हर्ताकर्ताले सहकारीको रकम विभिन्न बैंकमा खाता खोलेर जम्मा गराएकोबारे पनि जानकारी गराइएको छ। संस्थाको नामबाट कारोबार हुनुपर्नेमा व्यक्तिको नामबाट कारोबार गरिएको छ। संस्था खोलेर दिनदहाडै सीधासाधीको बिल्लीबाठ बनाएको भन्दै तीनपटक उजुरी पर्दा पनि नियामक निकाय कारबाहीका लागि अघि नबढ्नुले ‘दालमा केही कालो’ भएको संकेत गरेको छ। यता, नियामक निकायको कार्यसम्पादनमाथि पनि प्रश्न उठेको छ।

- अनुसा थापा, भक्तपुर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**रारामा घोडासवार |** मुगुको छायाँनाथ रारा नगरपालिका-९ मा रहेको रमणीयस्थल रारा ताल क्षेत्रमा घोडामा चढेर यात्रा गर्दै आन्तरिक पर्यटक । *तस्बिरः सुरेश आचार्य/रासस*

# अन्तरसीमा अपराध रोक्न सक्रियता बढाउँदै सशस्त्र

■ चन्द्रकला भण्डारी




**झापा–** सशस्त्र प्रहरी बलले झापाको अन्तरसीमा क्षेत्रमा हुनसक्ने अपराध र भन्सार राजस्व छलीलगायत गतिविधि नियन्त्रण गर्ने उद्देश्यले सक्रियता बढाएको छ । सीमा सुरक्षाका लागि सशस्त्रले नियमित गस्ती, चेकजाँच र तालिमप्राप्त कुकुरकोसमेत प्रयोग गर्न थालेको हो ।

मेचीनगरको उत्तरी क्षेत्र बाहुनडाँगीबाट दक्षिणको गौरीगञ्जसम्म भारतसँग जोडिएको १४४ किलोमिटर सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलका चारवटा सीमा सुरक्षा गुल्म र १७ वटा बोर्डर आउट पोस्ट (बिओपी)हरू तैनाथ रहेका सशस्त्र प्रहरी बल २ नं गण चन्द्रगढीका सूचना अधिकारी मदन रसाइलीले जानकारी दिए ।

उनका अनुसार सीमा क्षेत्रका बासिन्दासँग सहकार्य गर्दै अपराध नियन्त्रणलाई थप सहज तुल्याउन सशस्त्र प्रहरी बलले झापाको सीमावर्ती २१ वटा वडामा वडास्तरीय सहजीकरण समिति गठन गरेको छ । चालु आर्थिक वर्षको चार महिनामा सशस्त्र प्रहरी बलको सीमा सुरक्षा गुल्म र बोर्डर आउट पोस्टहरूले चार करोड ७८ लाख ४३ हजार रूपैयाँ मूल्य बराबरको कर विजक नभएको अवैध सामान बरामद गरेर भन्सारमा दाखिला गरेको सूचना अधिकारी रसाइलीले बताए ।

बरामद भएका मालसामानहरूमा लागुऔषध, मदिरा, लत्ताकपडा, सवारीसाधन, चौपाया, मोटर पार्टस्, सुर्तीजन्य पदार्थ, हार्डवेयर, मासुजन्य, किराना सामानलगायत रहेका छन् । गत आवमा सशस्त्र प्रहरी बलले झापामा भन्सार छलेर भित्र्याइएको ११ करोड १० लाख ८४ हजार रूपैयाँ मूल्य बराबरको मालसामान बरामद गरेको थियो । उक्त अवधिमा लागुऔषधका १०४ जना कारोबारी, ८१ वटा चौपाया, १२ सवारीसाधन, ७८९ गोलिया काठ र २४ बोरा पटाका समातिएको थियो ।

उनका अनुसार शुक्रबार कचनकबल गाउँपालिका-५ निवासी ४० वर्षीय नजाम खातुनको घरमा भारतबाट भन्सार छलेर ल्याइएको सामान लुकाएर राखिएको सूचना पाएपछि घेराबारी गुल्मबाट खटिएको सशस्त्र प्रहरी बलको टोलीले १२ लाख २० हजार रूपैयाँ मूल्य बराबरको लत्ताकपडा बरामद गरेको छ ।

बलको काँकडभिट्टास्थित सीमा सुरक्षा गुल्मले मेचीनगर-६ मा शुक्रबार एक लाख ८० हजार रूपैयाँ मूल्य बराबरको सुपारी बेवारिसे अवस्थामा फेला पारेको छ । सुपारी नेपालबाट भारत लैजान प्रतिबन्ध भए पनि तस्करहरूले सीमा सुरक्षाकर्मीको आँखा छलेर भारत लैजाने गरेका छन् ।

सुपारीसँगै ५७ हजार रूपैयाँ मूल्य बराबरको पाँच हजार ८६ वटा विभिन्न फूलका बिरुवा सीमा क्षेत्रबाट बेवारिसे अवस्थामा फेला पारेको थियो । केही दिनअघि भन्सार छलेर भित्र्याइएको ठूलो मात्राको मदिरासमेत सशस्त्र प्रहरी बलले बरामद गरेको थियो । पछिल्लो समय लागुऔषधको ओसारपसार बढेसँगै सशस्त्रले निगरानी पनि बढाएको छ । सशस्त्र प्रहरी बलको काँकडभिट्टा गुल्मले यस्ता गतिविधि नियन्त्रणका लागि पूर्वीनाकामा चेकजाँचका लागि जोजो नामक तालिम प्राप्त कुकुरसमेत परिचालन गरिएको सूचना अधिकारी रसाइलीले जानकारी दिए । काँकडभिट्टा नाकामा परिचालन गरिएको तालिमप्राप्त कुकुरको सहायताले लागुऔषधको ओसारपसार रोक्न सहज भएको उनको भनाइ छ ।

चार महिनाको अवधिमा जिल्लामा सशस्त्र प्रहरी बलले लागुपदार्थ ओसारपसारमा संलग्न ५४ जना र त्यस कार्यमा प्रयोग भएका आठवटा सवारीसाधन नियन्त्रणमा लिएको जनाएको छ ।

'सिटी सफारी, स्कुटर र मोटरसाइकलमार्फत मेची पुल पार गर्ने शंकास्पद व्यक्तिहरूको शारीरिक तलासी र निगरानी गर्न मानवीय जनशक्तिलाई नै सहज हुन्छ,' सूचना अधिकारी रसाइलीले भने, 'तर कतिपय व्यक्तिले मलद्वारमा ब्राउन सुगर लुकाएर ल्याउने गरेका छन् । त्यस्तो अवस्थामा तालिमप्राप्त कुकुरको सहयोग प्रभावकारी हुन्छ ।'

गत कात्तिक २९ गते काँकडभिट्टाको मेची पुलमा तालिमप्राप्त कुकुरको सहायताले भारतबाट सिटी सफारी चढेर नेपाल आउँदै गरेका तीनजनाको मलद्वारबाट ब्राउन सुगर (खैरो हेरोइन) बरामद गरिएको थियो । सूचना अधिकारी रसाइलीका अनुसार मलद्वारमा प्लास्टिकको पोको पारी ब्राउन सुगर तस्करी गर्नेहरू मुगु जिल्लाको खत्याड गाउँपालिका-७ का २२ वर्षीय हिराप्रसाद जैसी, मेचीनगर-१० का ३३ वर्षीय नेसरु मिया र दमक-३ का २५ वर्षीय मनिष धिमाल रहेका छन् ।

झापाको काँकडभिट्टा, बाहुनडाँगी, भद्रपुर, कचनकबल, टाघनडुब्बा र गौरीगञ्ज सीमा क्षेत्रबाट तस्करहरूले भन्सार छलेर लागुऔषध, लत्ताकपडा, मदिरा, मलखादलगायत सामान नेपाल भित्र्याउने क्रम बढेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल आपसी सहकार्यका साथ नियन्त्रणमा खटिएका हुन् । सशस्त्र प्रहरी बलले सीमाको सुरक्षा, अन्तरसीमा अपराध नियन्त्रण, मानव तस्करी नियन्त्रण, हातहतियार तस्करी नियन्त्रणलगायत कार्यमा विशेष निगरानी बढाएको रसाइलीले बताए ।

तेस्रो मुलुकका नागरिकबाट हुनसक्ने घूसपैठसमेत सशस्त्र प्रहरी बलले नियन्त्रण गर्दै आएको छ । गत कात्तिक २८ गते भारतको पानीटंकीबाट नेपालतर्फ विनाप्रवेशाज्ञा घुसेका दुईजना बंगलादेशी नागरिकलाई सशस्त्र प्रहरी बलको सीमामा तैनाथ टोलीले नियन्त्रणमा लिएर अध्यागमन कार्यालयमा अनुसन्धानका लागि बुझाएको थियो । *रासस*

# भरपर्दो उपचार दिने भरोसा जगाउँदै बर्दिबास अस्पताल

**महोत्तरी–** आम सेवाग्राहीले उपचारमा समुचित सेवा र हेरचाह पाएपछि बर्दिबास अस्पतालसँगको भरोसा बढ्दै छ । अस्पतालले सेवा विस्तार गर्दै उपचारमा गरिबको पहुँच बढाउँदै लगेपछि अहिले अस्पतालबारे सकारात्मक धारणा बन्दै गएको हो । 'अबचाहिँ उपचारै नपाएर मरिन्न होला,' महोत्तरीको बर्दिबास-२ की संगीता मुखिया भन्छिन्, 'अस्पतालमा बिरामीले राम्रो हेरचाह पाउँछन्, बर्दिबास अस्पतालको उपचार सेवाबारे विश्वास र भरोसा बढेको छ ।' वि.सं. २०६४ मा स्थापित यो अस्पतालले क्रमशः सेवा विस्तार गर्दै गएपछि सेवा लिने निकै बढेका छन् । एकताका नजिकमै अस्पताल भए पनि उपचार पाउने/नपाउने संशयले बाहिर उपचार गर्न जाने सर्वसाधारण अब यहीँ उपचार लिन थालेका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा अस्पतालले २७ हजार ७१ जनालाई उपचार सेवा दिएको अस्पताल सेवा मेडिकल सुपरिटेण्डेण्ट डा. सुदीप ठाकुरले बताए । जसमा एक हजार ५४९ सुत्केरी सेवा लिएका छन् । जसमध्ये ४९६ जनाले शल्यक्रियाका माध्यमबाट सुत्केरी सेवा लिएका डा. ठाकुरले स्पष्ट पारे । उपचार सेवा लिने सेवाग्राहीमध्ये २३ हजार २९८ जनाले ओपिडी सेवा लिएका छन् । खासमा सुत्केरी सेवाको कुशल व्यवस्थापनले अस्पतालको सेवाबारे राम्रो सन्देश प्रवाह भएको बर्दिबासका बारनचौडीका विदुर काफ्ले बताउँछन् ।

अस्पतालले आर्थिक वर्ष २०८१/८२ का बितेका चार महिना (साउनदेखि कात्तिकसम्म) ११ हजारभन्दा बढी बिरामीलाई उपचार सेवा दिएको छ । अस्पतालको प्रसूति सेवाले टाढाटाढा सेवा लिन जानुपर्ने बाध्यता हटेको ग्रामीण महिलाको प्रतिक्रिया छ । पछिल्ला चार महिनामै सुत्केरी सेवा लिने ४०० भन्दा माथि पुगेका छन् । शल्यक्रियाबाट सुत्केरी सेवा लिनेकै संख्या यो चार महिनाको अवधिमा १८५ छ । प्रसूति सेवाको व्यवस्थाले जनकपुरसम्म जानुपर्ने अवस्था अब हटेको बर्दिबास-२ की गायत्री उपाध्याय बताउँछिन् ।

सुरुमा १५ शयचाको यो अस्पतालले सेवा विस्तार गर्दै अहिले ५० शयचाबाट सेवा दिँदै छ । अस्पतालमा बहिरंग सेवा, आकस्मिक सेवा, ओपिडी, प्रसूति, शल्यक्रिया, प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, ओसिएमसी, एसएनसियुसहितका सेवा सञ्चालनमा छन् । यसैगरी ओपिडी सेवामा बालरोग, हाडजोर्नी, स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी (शल्यक्रिया), इण्टरनल मेडिसिन र एमडीजिपी उपचार दिइरहेको डा. ठाकुरको भनाइ छ ।

अस्पतालले सामाजिक सुरक्षा सेवा स्थापना गरी यसअन्तर्गत विपन्न, अशक्त, असहाय, अपांगता भएका र दुर्घटनामा परेका व्यक्तिलाई बर्दिबास नगरपालिकाको सिफारिसमा निःशुल्क र विशेष छुटमा उपचार सेवा दिने गरेको छ । सेवा विस्तार गरिँदै लगिएपछि अस्पतालमा बर्दिबास नगरक्षेत्रबाहेक जिल्लाकै औरही र भंगाहा नगरपालिका छिमेकी जिल्ला धनुषाको मिथिला तथा सर्लाहीको ईश्वर पुरसम्मका बिरामी उपचार लिन आउने गरेका अस्पतालले जनाएको छ । यसबाहेक सिन्धुलीको दुधौली नगरक्षेत्रका बिरामी पनि यहाँ उपचार लिन आउने गरेका छन् । बर्दिबास नगरपालिकाकै जनसंख्या २०७८ को राष्ट्रिय जनगणनाअनुसार ७४ हजार ३६१ जना छ । यो र छिमेकका अन्य स्थानीय तहका गर्दा करिब दुई लाख जनाले यो अस्पतालको सेवा सम्पर्कमा रहेका अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण शर्मा बताउँछन् ।

अस्पतालमा हाल पाँच विशेषज्ञसहित १५ जना चिकित्सक, विभिन्न शाखामा कार्यरत स्वास्थ्यकर्मी ७५ जना र अन्य प्रशासनिक सेवासहित ११० जना कार्यरत रहेका अध्यक्ष शर्माको भनाइ छ । बर्दिबास नगरपालिकाले नगरसभाबाटै स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेको हुँदा अस्पतालको सेवालाई अझ विस्तार गरिँदै गुणस्तरीय भरपर्दो बनाइँदै लगिने नगरप्रमुख प्रल्हादकुमार क्षेत्री बताउँछन् । उपचार प्रबन्धले यो अस्पतालले मधेसभरिकै नगर अस्पतालमा उत्कृष्ट स्थान पाएको बर्दिबास नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखाका प्रमुख वरिष्ठ जनस्वास्थ्य निरीक्षक सुरेश पासवानको भनाइ छ । *रासस*

# रकम भुक्तानी नहुँदा पहिरोपीडितको घर निर्माण अलपत्र

**किमाथांका (संखुवासभा)–** संखुवासभाको खाँदबारी नगरपालिका-७ स्थित भैरेडाँडामा ५५ परिवारको घर निर्माण अलपत्र परेको छ । संघीय सरकारबाट दोस्रो किस्ता रकम भुक्तानी नुहँदा सिलिचोङ गाउँपालिका-१ बेसिन्दा पहिरोबाट विस्थापित ५५ परिवारको घर निर्माण अलपत्र परेको हो ।

गत २०७७ असार २८ गते राति आएको पहिरोले सिलिचोङ-१ बेसिन्दाका ९७घरपरिवार विस्थापित भएका थिए । पहिरोबाट विस्थापित बेसिन्दाका ५५ परिवारको खाँदबारी नगरपालिका-७ स्थित भैरेडाँडामा घर निर्माण थालिएको करिब एक वर्षअघिदेखि घर निर्माण रोकिएको हो । संघीय सरकारबाट दोस्रो किस्ता रकम नआउँदा भुक्तानी गर्न नसकिएको संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले बताए । पहिरोपीडितको घर निर्माणका लागि संघीय सरकारले ६० प्रतिशत अनुदान निर्णय भए हालसम्म दोस्रो किस्ताबापतको रकम जिल्ला प्रशासनको खातामा नआएको सहायक प्रजिअ घिमिरेले बताए ।

पहिरोपीडितका लागि संघीय सरकारले ६० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र स्थानीय सरकारले १० प्रतिशत बजेट उपलब्ध गराउने निर्णय भएको थियो । पहिरोपीडितले घर निर्माणको पहिलो किस्ताको ५० हजार रूपैयाँमात्र पाएका छन् । पहिरोपीडित ५५ घरमध्ये २५ घरको ५० प्रतिशत बढी काम सकिएको छ । अन्य घरको २५ प्रतिशतमात्र काम सकिएको छ ।

पहिरोपीडितको समयमा घर निर्माण हुन नसक्दा अझै टेण्टमै कष्टपूर्ण जीवन बिताउन बाध्य छन् । समयमा घर निर्माण हुन नसक्दा सिलिचोङ-१ बेसिन्दाका पहिरोबाट विस्थापित ५५ परिवारको चार वर्षसम्म पुनःस्थापना हुन सकेको छैन । पहिरोबाट विस्थापित भएको झण्डै साढे दुई वर्षपछि बेसिन्दा गाउँका पहिरोपीडितको घर निर्माण थालिएको हो । घर निर्माण अलपत्र भएपछि अस्थायी टहरामा बस्दै आएका पहिरोपीडित परिवार पीडामा परेका छन् ।

पहिरोपीडितको आवास निर्माणलका लागि पाँच लाख ५० हजार रूपैयाँ तोकिएको थियो । आवास निर्माणको पाँच लाख ५० हजार रूपैयाँ रकम प्राविधिकको मूल्यांकनअनुसार तीन किस्तामा भुक्तानी गरिने सम्झौता भएकोमा हालसम्म ५० हजार रूपैयाँमात्र भुक्तानी पाएका छन् । भैरेडाँडामा ५५ परिवारका लागि ६९ रोपनी जग्गा एक करोड ३० लाख रूपैयाँमा खरिद गरिएको थियो । सिलिचोङ-१ बेसिन्दाका नौ वटा घर २०७७ असार २८ गते राति आएको पहिरोले बगाउँदा ११ जना बेपत्ता भएका थिए । *रासस*

# गुल्मीबाट अख्तियारमा ६० उजुरी दर्ता

**गुल्मी–** अख्तियार दुरूपयोग अनुसन्धान आयोग बुटवल कार्यालयमा चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्म जिल्लाका ६० उजुरी दर्ता भएका छन् । उजुरीमध्ये ३५ वटा फर्स्योट भएको र बाँकी २५ उजुरी छानविनकै क्रममा रहेको बताइएको छ ।

आयोगले जिल्लास्तरमा अन्तरक्रिया सरोकारवाला निकायबीच अन्तरक्रिया गरेको छ । अख्तियारले गुल्मीमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया गरेको हो । पछिल्लो समयमा स्थानीय तहमा उजुरीको संख्या बढ्दै जान थालेसँगै स्थानीय तह र अख्तियार दुरूपयोग अनुसन्धान आयोगबीचको दूरी कम गर्ने उद्देश्यले गुल्मीमा जिल्लास्तरीयरूपमा उक्त कार्यक्रम गरिएको हो ।

कार्यक्रममा दुई नगरसहित १२ स्थानीय तहका प्रमुख तथा अध्यक्ष, उपप्रमुख तथा उपाध्यक्षसहित प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सहसचिव रमेशकुमार केसीले अख्तियारले गर्ने कार्य र क्षेत्राधिकारका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

अख्तियार दुरूपयोग अनुसन्धान कार्यालय बुटवलका प्रमुख राजेन्द्रकुमार पौडेलले गुल्मी जिल्लासहित कार्यक्षेत्रभित्र रहेका आठ जिल्लाका बारेमा जानकारी गराएका थिए । कार्यक्रममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग आयोगको भूमिका, स्थानीय तहसँग सम्बन्धित भई आयोगमा पर्ने उजुरीका विषयवस्तु एवं स्थानीय तहलाई आयोगका सुझावका सम्बन्धमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक गरी मुख्य रूपमा तीन किसिमका रणनीतिक उपायमार्फत भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्य गर्दै आएको छ । कार्यक्रममा सहभागीले अख्तियारसँग सम्बन्धित केही जिज्ञासासमेत राखेका थिए ।

आयोगका आयुक्त डा. हरि पौडेलले पछिल्लो समयमा अख्तियारसँग डराउने भाष्य निर्माण भएको भन्दै सही नियतले काम गर्दा कसैसँग डराउन नपर्ने बताए । उनले अख्तियारमा उजुरी पर्दैमा विकास निर्माणका काम रोक्ने गरेको भन्दै त्यसो नगर्न आग्रह गरे । *रासस*

**श्री प्रहरी वृत्त जनसेवा काठमाडौंमा पेश गरेको निवेदन-पत्र**

**इजाजत नं.३५०७ खोजतलास गरी पाऊँ**

प्रकाशित मिति २०८१/०८/०९ गते)

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८१/०७/२५ गते काम विशेषले म निवेदिका काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.२२ न्यूरोडगेटबाट विशाल बजारसम्म घुमिफिर गर्दा मेरो साथमा रहेको श्री जियो टुर्स एण्ड ट्राभल प्रा.लि.को म सञ्चालक रहेको पर्यटन विभागबाट प्राप्त इजाजत पत्र, **(इजाजत नं. ३५०७)** हराएकोले खोजतलास गरी दिन हुन भनी आवश्यक कागजपत्र सुहित यो निवेदन पेश गरेको छु ।

**निवेदक**
गुनु लामा
मो. नं.: ९८१३६४१००३, C.T.C. मल, काठमाडौं

**कम्पनीको नाम परिवर्तन सहित प्रबन्धपत्र/नियमावली संशोधन सम्बन्धमा सूचना**

*(तेस्रो पटक प्रकाशित मिति : २०८१/०८/०८ गते)*

**आस्था कन्सल्टीङ (प्रा.लि.नं. ७६६१३)** का.म.न.पा.-२९, काठमाडौंको मिति २०८१/०६/०१ मा सम्पन्न वार्षिक/ विशेष साधारणसभाको निर्णयानुसार त्यस कम्पनीको साविक नाम Onf06 Xotdg l/;f]{ kf|ln-लाई परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा १ र नियमावलीको नियम १ मा संशोधन गरी आस्था कन्सल्टीङ प्रा.लि. कायम गरेकोलाई तपसिलमा उल्लेखित शर्तहरु पालना गर्ने गरी सम्वन्धित निकायको स्वीकृति लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने शर्तमा स्वीकृति प्रदान गरी संशोधित प्रबन्धपत्र/नियमवलीको एक-एकप्रति यसैसाथ पठाइएको व्यहोरा मिति २०८१/०८/०५ को निर्णयानुसार जानकारी गराइन्छ ।

**शर्तहरु :**
- साविक कम्पनीको नामबाट सृजना भएको एवम् साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने ।
- कम्पनीको नाम परिवर्तनको सम्बन्धमा ३० (तीस) दिनभित्र राष्ट्रियस्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने ।
- कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने ।
- नामका सम्वन्धमा भ्रम सृजना भई उजुरी परेमा नाम संशोधन गर्ने ।
- सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने ।

**बोधार्थ**
श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं

सहायक रजिष्ट्रार

प्रभाव दैनिक

आइतबार, ०९ मंसिर २०८१ (Sunday, November 24, 2024)


रूपशाला

## प्रियंका र सरोजको अभिनयमा 'मनको तिर्सना'

समिर खरेल र बेनिशा पौडेलको स्वरमा रहेको मन छुने गीत 'मनको तिर्सना' सार्वजनिक भएको छ। प्रियंका कार्की र सरोज ओलीको जीवन्त अभिनय रहेको भिडियो मानव सुवेदीले निर्देशन गरेका हुन्। सरोज ओलीको शब्द, दीपक शर्माको संगीत रहेको गीतमा उदयराज पौडेलको एरेन्ज छ। भिडियोलाई पवन सुस्लिङ्ले खिचेका हुन् भने निर्देशक सुवेदीकै सम्पादन रहेको छ।



# नेपाल फिल्म सोसाइटीको अध्यक्षमा मल्ल निर्विरोध



■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ अभिनेता कृष्ण मल्ल नेपाल फिल्म सोसाइटीको केन्द्रीय अध्यक्षमा पुनः निर्बिरोध निर्वाचित भएका छन्। नेपाल फिल्म सोसाइटीको १२ औं साधारण सभाबाट विशिष्ठ अभिनेता मल्ल अध्यक्ष पदमा चयन भएका हुन्।

काभ्रेपलान्चोकको धुम्की रिसोर्टमा भएको साधारणसभा धुलिखेल नगरपालिकाको नगर प्रमुख अशोक ब्याञ्जु श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने बिशिष्ठ अतिथिहरूमा बरिष्ठ अभिनेत्री बसुन्धरा भुसाल, बरिष्ठ लोक गायक प्रेमराजा महत, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदिप पराजुली, लक्ष्मण न्यौपाने र अभिनेत्री करिश्मा मानन्धर रहेका थिए।

अध्यक्षमा निवार्चित भएपछि अध्यक्ष मल्लले नेपाली कलाकारिताको विकासमा आफू कटिबद्ध भइ लागिपर्ने र नेपाली चलचित्रलाइ अन्तर्राष्ट्रिय स्तरमा पुर्याउन अहोरात्र खट्ने बताए। सोसाइटीको प्रथम उपाध्यक्षमा निर्माता मोहनकृष्ण श्रेष्ठ द्वितीय उपाध्यक्षमा नारायण प्रधान र तृतीय उपाध्यक्षमा राकेश खड्का निर्वाचित भएका छन्।

त्यसैगरी महासचिवमा राजेन्द्रकुमार बिसुराल, सचिवमा टङ्कनाथ पौडेल र कोषाध्यक्षमा शङ्करलाल श्रेष्ठ, सह कोषाध्यक्षमा दुर्गा बिशुराल र सोसाइटीको सदस्यहरूमा क्रमशः सुनिल कटुवाल, मदुकुमार श्रेष्ठ, गोपालकाजि कायस्थ, शिवहरि बैरागी, शर्मिला मल्ल, आरपी पन्त र सुभाष खड्का सर्वसम्मत चयन हुनु भएका छन्। नेपाल फिल्म सोसाइटीको शाखा अमेरिका र बेलायतमा समेत रहेको छ।

# सारालाई मिस टिनको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** यस वर्षको १९ औं 'मिस टिन' नेपालको उपाधि सारा पाण्डेले जितेकी छन्।

बुधबार काठमाडौं जेसिजले गरेको मिस टिन प्रतियोगितामा नेपाल भ्वाइसको स्टुडियोमा आयोजित कार्यक्रममा उनले मिस टिन नेपालको उपाधी जितेकी हुन्।

मिस टिन विजेता पाण्डेले ५० हजार नगदसहित विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरेकी छन्। शिर्ष उपाधिसँगै उनले मिस फोटोजिनक विधामा ताज र विभिन्न उपहार समेत प्राप्त गरिन्।

त्यसैगरी फस्ट रनर अपमा सुविका उपाध्याय र सेकेण्ड रनर अपमा समृद्धि पोखेलले उपाधी हासिल गरेकी छन्। फस्ट रन अपले ३० हजार नगद र सेकेण्ड रनर अपले २० हजार नगर प्राप्त गरेकी छन्। शिर्ष उपाधिसँगै उनले मिस फोटोजिनक विधामा ताज र विभिन्न उपहार समेत प्राप्त गरिन्। मिस टिन इभेन्टको व्यवस्थापन ३६५ ले गरेको थियो।



# 'फेस अफ क्लासिक डाइमन्ड'को पाँचौं सिजन घोषणा

**काठमाडौं (प्रस)–** 'फेस अफ क्लासिक डाइमन्ड'ले पाँचौं सिजन घोषणा भएको छ। क्लासिक डाइमन्डले काठमाडौंमा बिहिबार पत्रकार सम्मेलन गर्दै प्रतियोगिता घोषणा गरेको हो। कार्यक्रममा क्लासिक डाइमन्डका अध्यक्ष बाबुराजा महर्जनले आगामी माघ ४ र ५ गते काठमाडौंमा 'फेस अफ क्लासिक डाइमन्ड'को पाँचौं सिजन आयोजना हुने जानकारी दिए।

प्रतियोगितामा उत्कृष्ट मोडलले फेस अफ क्लासिक डाइमन्डको उपाधिसहित १ लाख ५० हजार रूपैयाँ र एक वर्षसम्म क्लासिक डाइमन्डको ब्रान्ड एम्बेसडरको जिम्मेवारी पाउनेछन्। उनले बलिउडमा पनि आफ्नो प्रस्तुति दिने अवसर पाउने छन्।

प्रतियोगिता यसअघिका विजेता अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह, अञ्जली लामा र मुना गौचनले जितेका थिए। साम्राज्ञी चलचित्रमा, अञ्जली फेसनमा र मुन बलिउडमा स्थापित छन्। 'क्लासिक डाइमन्ड गहनासँग सम्बन्धित यसले फेशन र मोडलिङ क्षेत्रलाई पनि प्रवर्द्धन गर्दै आएका हो।

प्रतियोगिता अडिसन काठमाडौं र पोखरामा हुनेछ। अडिसनमा चयन भएका मोडलहरूलाई करिब एक महिना विभिन्न प्रशिक्षण दिइनेछ। त्यसपछि प्रतियोगिताबाट विजेताहरूसहित उत्कृष्ट १० प्रतियोगीलाई क्लासिक डाइमन्ड फेशन तथा ज्वेलरी शोमा सहभागी गराइनेछ।



# प्रशिक्षक अधिकारीलाई आउटस्टयान्डिङ सम्मान



■ प्रभाव संवाददाता

**काठमाडौं–** तेक्वान्दो प्रशिक्षक जगन अधिकारीले बिश्व तेक्वान्दो महासंघको मुख्यालय कुकिवानबाट आउटस्टयान्डिङ्ग सम्मान प्राप्त गरेका छन्।

कुकिवानद्वारा संयुक्त राज्य अमेरिकाको सिकागो सहरमा यहि नोभेम्बर ११ देखि २१ सम्म आयोजना गरेको ११५ औं तेश्रो श्रेणी अन्तराष्ट्रिय तेक्वान्दो मास्टर कोर्स २०२४मा सहभागीता जनाएका अधिकारीलाई सहभागीहरू मध्येबाट सर्वोत्कृष्ट प्रदर्शन गरेको भन्दै आउटस्टान्डिङ्ग प्रशंसा-पत्र र बेल्टद्वारा सम्मान गरिएको हो।

युएईलाइ कर्मक्षेत्र बनाएर तेक्वान्दोको विकास र विस्तारमा लगनशिल भएका प्रशिक्षक अधिकारीलाई बिश्व तेक्वान्दो एकेडेमीका निर्देशक सन ली किमले प्रशंसापत्र र तीन पटकका बिश्व च्याम्पियन तथा कोरियाली तेक्वान्दो पुम्से राष्ट्रिय टोलीका पूर्व मुख्य प्रशिक्षक ग्रान्डमास्टर जे-युन आनले कुकिवान बेल्ट प्रदान गरेका थिए।

सम्मान पश्चात प्रशिक्षक अधिकारीले यो सम्मानले आफूलाई निकै हर्षित बनाएको र तेक्वान्दोको विकासमा अझ बढि मेहनत गर्न प्रोत्साहन गरेको बताए। तेक्वान्दोमा समर्पित गरेको जुनून र लगनशिलताको प्रतिबिम्ब यो सम्मान रहेको र यसका लागि कुकिवान र मलाई यो यात्रामा साथ दिनुहुने सवै गुरुहरू तथा साथिहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु प्रशिक्षक अधिकारीले बताए। यो सफलताले मलाई आगाडी बढ्न, तेक्वान्दो समुदायमा योगदान पुऱ्याउन र बिश्वसंग यसको मुल्यमान्यता बाँड्न प्रेरित गर्नेछ अधिकारीले बताए।

# विश्वकपमा छनोट भएका महिला क्रिकेट खेलाडीलाई सम्मान

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** विश्वकपमा छनोट भएको १९ वर्ष मुनिको महिला क्रिकेट टोलीका सदस्यलाई कञ्चनपुरमा नगदसहित सम्मान गरिएको छ।

महेन्द्रनगरस्थित होली फेम्ली क्रिकेट एकेडेमीले यु-१९ महिला क्रिकेट टोलीका सदस्य सावित्री धामी र स्नेहा महरालाई आज रु ३०/३० हजारसहित सम्मान गरेको हो। त्यसैगरी नेपाली महिला क्रिकेट टोलीकी उपकप्तान विन्दु रावललाई रु ५० हजार र टोलीका सहायक प्रशिक्षक जानकी भट्टलाई रु ३० हजार नगदसहित दोसल्ला ओढाएर सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले सम्मान गरे।

खेलाडीलाई सम्मान गर्दै मन्त्री थापाले खेलाडीहरूको मेहनतले देशकै प्रतिष्ठा जोगिएको उल्लेख गर्दै प्रदेश सरकारबाट खेलकुदको





विकासका लागि पहल गरिने बताए। 'प्रदेश सरकारले खेलकुदको विकासका लागि पूर्वाधार विकासमा पहल गर्छ', उनले भने, 'हाम्रो यहाँ पूर्वाधारको अभावमा पनि खेलाडीहरूले धेरै मेहनत गरेकाले अब सरकार पूर्वाधार विकासमा लाग्छ।'

जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले सरकारले क्रिकेटको विकासमा जोड दिनुपर्ने बताए। 'खेलाडीहरूको विकासका लागि क्रिकेट सङ्घले विभिन्न प्रतियोगिता सञ्चालन गर्दै आएको छ', अध्यक्ष चन्दले भने, 'कञ्चनपुरका थुप्रै खेलाडीले राष्ट्रिय टोलीबाट खेलिरहेका छन्।'

उनले खेलाडीका लागि खेलमैदान पहिलो आवश्यकता रहेकाले प्रदेश सरकारले खेलमैदान निर्माणका लागि सहयोग गर्नुपर्ने बताए। 'यहाँ ठूलो प्रतियोगिता सञ्चालन गर्नका लागि राम्रो खेलमैदान छैन्, स्थानीय कबर्ड हलमा प्रतियोगिता गराउनुपर्छ', उनले भने, 'तीनै तहका सरकारले खेलकुदको विकासका लागि पूर्वाधारमा लगानी गर्न आवश्यक छ।'

होली फेम्ली क्रिकेट एकेडेमीका अध्यक्ष भुपालसिंह विष्टले खेलाडीको हौसलाका लागि सम्मान गरिएको बताए। गत महिना युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी १९ वर्ष मुनिको महिला विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो। सन् २०२५ को जनवरीमा मलेसियामा हुने १९ वर्ष मुनिको महिला विश्वकपमा नेपालले सहभागिता जनाउनेछ।

# रोनक र राचेललाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं.–** ओपन लिड क्लाइम्बिङ प्रतियोगिता २०२४ को उपाधि रोनक उप्रेती र रचेल डेभिडसनले जितेका छन्। शनिबार भएको प्रतियोगितामा रोनक पुरुषतर्फ र अमेरिकाकी राचेल महिलातर्फ च्याम्पियन बने।

काठमाडौं स्पोर्ट क्लाइम्बिङ सेन्टरमा भएको प्रतिस्पर्धाको पुरुषतर्फ अमेरिकाका भिनसेन्ट सबलिच दोस्रो तथा नेपालका पेम्बा सेवाङ शेर्पा तेस्रो भए। यसैगरी महिलातर्फ नेपालकी स्वस्तिका चौधरी दोस्रो तथा अन्ने माई बन तेस्रो भइन्। स्वस्तिका गत वर्ष पनि दोस्रो भएकी थिइन्। प्रतियोगिताको





च्याम्पियन रोनक र राचेलले नगद ३५ हजार मेडल प्रमाणपत्र प्राप्त गरे। दवस्रो भएका भिनसेन्ट र स्वस्तिकाले समान २५ हजार तथा तेस्रो भएका पेम्बा र अन्नेले समान १५ हजार पाए। शीर्ष तीनमा रहेका खेलाडीहरूले पुरस्कारसँगै विभिन्न गिफ्टह्याम्परसमेत प्राप्त गरे।

अन्तर्राष्ट्रिय आरोहण खेलकुद महासंघ आईएफएससीको नियम र मापदण्ड अनुसार सञ्चालन गरिएको एकदिने प्रतियोगितामा नेपाल र विदेशका गरी करिब ४० खेलाडीहको सहभागिता रहेको आयोजक वोङ्छु पिक प्रमोसनकी प्रवन्ध निर्देशक लाक्पा शेर्पाले जानकारी दिइन्।

नेपाल आरोहण खेलकुद संघ (एनसीएसए) बाट मान्यता प्राप्त यस प्रतियोगितालाई अमेरिकी गैर नाफामुलक संस्था मुसा मसलाले मुख्य प्रायोजन गरेको थियो।

# ट्रम्प र नेटो प्रमुख रूटबीच छलफल



**ब्रसेल्स–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) का प्रमुख मार्क रूटबीच फ्लोरिडामा ‘नेटो गठबन्धनले सामना गरिरहेको विश्वव्यापी सुरक्षा मुद्दा’ बारे छलफल भएको छ ।

नेटोका फराह दखुल्लाहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘शुक्रबार पाम बिचमा अमेरिकाका राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्प र नेटो प्रमुख मार्क रूटबीच बैठक भएको हो । आफ्नो पहिलो कार्यकालमा ट्रम्पले आक्रामक रूपमा युरोपलाई रक्षा खर्च बढाउन दबाब दिएका थिए भने नेटोको निष्पक्षतामाथि प्रश्न उठाएका थिए ।

गत नोभेम्बर ५ मा ट्रम्प निर्वाचित भएको दुई दिनपछि नेदरल्यान्ड्सका पूर्वप्रधानमन्त्री रूटले उत्तर कोरिया र रुसबीचको सम्बन्ध थप प्रगाढ हुने खतराबारे छलफल गर्न चाहेको बताएका थिए । अमेरिकी राष्ट्रपतिमा पुनरागमनका लागि ट्रम्पको शानदार विजयले युरोपमा युक्रेनका लागि वासिङ्टनको महत्त्वपूर्ण सैन्य सहायतामा रोक लगाउन सक्ने चिन्ता जगाएको छ ।

नेटोका सहयोगीहरूले मस्कोविरुद्धको लडाइँमा किएभलाई राख्नु युरोपेली र अमेरिकी दुवै सुरक्षाका लागि महत्त्वपूर्ण रहेको बताएका छन् । बुडापेस्टमा हालै आयोजित युरोपेली नेताहरूको बैठकमा रूटले भने, ‘उत्तर कोरिया, इरान, चीन र निश्चितरूपमा रुसले युक्रेनविरुद्ध मिलेर काम गरिरहेका हामीले देखेका छौं ।’

उनले भने, ‘रूसले उत्तर कोरियाबाट सेनालाई ल्याई प्रयोग गरी प्योङयाङलाई टेक्नोलोजी सहयोग गर्दै छ र यसबाट अमेरिका र युरोपको मुख्य भूमिमा खतरा भएकोबारे उहाँले ट्रम्पसँग छलफल गरेका छन् ।’ *रासस/एएफपी*



दक्षिण चीनको हाइनान प्रान्तस्थित सान्यामा जनवादी गणतन्त्र चीनका जातीय अल्पसंख्यकहरूको १२औं राष्ट्रिय परम्परागत खेलकुदको उद्घाटन समारोहमा प्रस्तुति दिँदै कलाकारहरू । *तस्बिर: सिन्ह्वा*

# ‘घूस आरोपले भारतीय धनाड्य अदानी समूहलाई धक्का’

**नयाँदिल्ली–** विश्वकै धनी व्यक्तिमध्येका एक भारतीय धनाड्य गौतम अदानीले आफ्नो विश्वव्यापी ऊर्जा र पूर्वाधार साम्राज्य विस्तार गर्ने तीव्र प्रयासलाई अमेरिकी घूसखोरीको आरोपले धक्का दिएको छ। कयौं बहुराष्ट्रिय कम्पनीका मालिक तथा अदानी समूहका अध्यक्षसमेत रहेका अदानीले र उनको समूहलाई आरोपले क्षणिकरूपमा क्षति पुऱ्याएको र आर्थिक पुनरागमन गर्न लामो समय नलाग्ने विश्लेषकहरूले बताएका छन् ।

अदानी र उनका सहयोगीहरूले आकर्षक सरकारी सम्झौताका लागि २५ करोड अमेरिकी डलरभन्दा बढी घूस दिएको दाबी गर्दै न्युयोर्कमा बुधबार भएको दोषारोपणले उनको कम्पनीको स्टकको उन्मादपूर्ण बिक्रीलाई प्रभावित पारेको छ। न्युयोर्कमा घूस दिएको दाबी गरिएको केही घण्टाभित्रै भारतका विपक्षी नेता राहुल गान्धीले अदानीलाई पक्राउ गर्न माग गरेका थिए। आरोपपछि केन्याका राष्ट्रपति विलियम रुटोले करिब २.५ अर्ब अमेरिकी डलरबराबरको विमानस्थल र बिजुली सम्झौता रद्द गरेको घोषणा गरेका छन् ।

अदानी समूहले घूसखोरीको आरोपलाई ‘आधारहीन’ भन्दै खारेज गरेको छ तर ‘कर्पोरेट गभर्नेन्स एडभाइजरी फर्म इनगभर्न रिसर्च सर्भिसेज’का संस्थापक श्रीराम सुब्रमण्यमले भने यसको ‘ठूलो’ प्रभाव रहेको बताएका छन् । ‘उनीहरूले अपिल गरेर आफ्नो रक्षा गर्ने छन्, वा नयाँ सम्झौताका लागि जाने छन्,’ सुब्रमण्यनले बैंग्लोरबाट एएफपीसँग भने, ‘यो आफूहरूको प्रतिष्ठा र कर्पोरेट गभर्नेन्स अभ्यासका लागि ठूलो धक्का हो ।’ *रासस/एएफपी*

# यस वर्ष २८१ सहायताकर्मीको मृत्यु भएको राष्ट्रसंघद्वारा पुष्टि

**जेनेभा–** सन् २०२४ लाई मानवीय सहायताका लागि सबैभन्दा घातक वर्ष घोषणा गरिएको संयुक्त राष्ट्रसंघका सहायता प्रमुखले शुक्रबार बताएका छन् ।

संयुक्त राष्ट्रसंघका मानवीय मामिला तथा आपत्कालीन राहत संयोजक टम फ्लेचरले भने, ‘मानवीय सहायताकर्मीहरू अकल्पनीय दरमा मारिएका छन्, उनीहरूको साहस र मानवतालाई गोली र बमको निशाना बनाइएको छ ।’

सन् २०२३ मा ३३ देशमा २८० जना मानवीय सहायताकर्मीको मृत्यु भएको थियो तर सन् २०२४ सकिन करिब एक महिना बाँकी रहँदा २८१ मानवीय सहायताकर्मीको मृत्यु भइसकेको छ । फ्लेचरले भने, ‘यो हिंसा सहायता अभियानका लागि अकल्पनीय र विनाशकारी छ ।’ ‘द्वन्द्वरत राष्ट्र र पक्षहरूले मानवताको रक्षा गर्नुपर्छ, अन्तर्राष्ट्रिय कानुनको पालना गर्नुपर्छ, यस्ता हिंसात्मक घटनाका लागि जिम्मेवार हरूलाई कारबाही गर्नुपर्छ र दण्डहीनताको युगका लागि आह्वान गर्नुपर्दछ ।’

गाजामा इजरायलको विनाशकारी युद्धका कारण सन् २०२३ को अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि प्यालेस्टिनी शरणार्थीलाई सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय निकाय युएनआरडब्ल्युएका तीन जना सहायताकर्मीको मृत्यु भएको उनको कार्यालयले जनाएको छ ।

यसैबीच, ओसिएचएका प्रवक्ता जेन्स लार्कले जेनेभामा पत्रकारसँग कुरा गर्दै युएनआरडब्ल्युएका २४३ जना कर्मचारीको मृत्यु भएको बताए । गाजाबाहेक अफगानिस्तान, प्रजातान्त्रिक गणतन्त्र कंगो, सुडान र युक्रेनलगायत विभिन्न देशमा सहायताकर्मीहरू अपहरण, चोटपटक, उत्पीडन र स्वेच्छाचारी रूपले हिरासतमा राखिएको एजेन्सीले जनाएको छ ।

फ्लेचरको कार्यालयले एक विज्ञप्तिमार्फत दिएको जानकारीअनुसार मृत्यु हुनेमा अधिकांश गैरसरकारी संस्था, संयुक्त राष्ट्रसंघका निकाय र रेडक्रसको रेड क्रिसेन्ट अभियानमा कार्यरत स्थानीय कर्मचारी रहेका छन् । ‘मानवीय सहायताकर्मीहरूविरुद्ध हुने हिंसा द्वन्द्वग्रस्त क्षेत्रमा सर्वसाधारणलाई हानि पुऱ्याउने व्यापक प्रवृत्तिको एक हिस्सा हो,’ विज्ञप्तिमा भनिएको छ । फ्लेचरले भने, ‘सन् २०२३ मा १४ वटा देशका सशस्त्र द्वन्द्वमा ३३ हजारभन्दा बढी सर्वसाधारणको मृत्यु भएको थियो । यो सन् २०२२ को तुलनामा ७२ प्रतिशतले बढी हो ।’

ओसिएचएका प्रवक्ता लार्कले मानवतावीय सहयोगका लागि खटिने व्यक्तिको हत्याको उच्च संख्या हुनुले आफूलाई विचलित बनाएको बताए । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले गत मे महिनामा सहायताकर्मीहरूविरुद्ध बढ्दो हिंसा र धम्कीको प्रतिक्रियास्वरूप एक प्रस्ताव पारित गरेको थियो । अर्को हप्ता हुने परिषद्को बैठकमा प्रस्तुत हुने संयुक्त राष्ट्रसंघका प्रमुखसँग यस्ता घटनाको नियन्त्रण र प्रतिकार्यका उपाय तथा मानवीय कर्मचारीको सुरक्षा र दुर्व्यवहारका लागि जवाफदेहीता बढाउने उपायका बारेमा सुझाव माग गरिएको छ । *रासस/एएफपी*

# श्रीलंकाको नयाँ नेतृत्व आइएमएफको बेलआउट कार्यक्रमलाई अघि बढाउन सहमत

**कोलम्बो–** श्रीलंकाको नयाँ वामपन्थी सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को विवादास्पद कर्जा सहयोग (बेलआउट) कार्यक्रमलाई अघि बढाउन सहमत भएको छ । कार्यक्रममा कडा मितव्ययिता र आर्थिक सुधार समावेश छ ।

आइएमएफले राष्ट्रपति अनुरा कुमारा दिसानायकेको प्रशासनसँग गत वर्ष पूर्वराष्ट्रपतिले गरेको चार वर्षे ऋणलाई निरन्तरता दिने सहमति भएको जनाएको छ । आइएमएफका टोली नेता पिटर ब्रुएरले नयाँ सरकारसँगको वार्ताको अन्त्यमा पत्रकारहरूसँग भने, ‘अधिकारीहरूले कार्यक्रमको परिधिभित्र रहन प्रतिबद्धता जनाएका छन् ।’

उनले नयाँ सरकारको प्रतिबद्धताले नीतिगत निरन्तरता सुनिश्चित गरेको बताए । ब्रुएरले भने, ‘सुधारको गतिलाई निरन्तरता दिनु कार्यक्रमबाट प्राप्त उपलब्धिको रक्षा गर्न र अर्थव्यवस्थालाई दिगो पुनरुत्थान र स्थिर र समावेशी विकासको मार्गमा अगाडि बढाउन महत्त्वपूर्ण छ ।’



श्रीलंकाले सन् २०२२ को अप्रिलमा अभूतपूर्व आर्थिक मन्दीका बेला ४६ अर्ब अमेरिकी डलरको बाह्य ऋण नतिरेपछि उद्धार प्याकेजका लागि अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) मा गएको थियो । विदेशी मुद्राको अभावले देशलाई खाद्यान्न र इन्धनको सबैभन्दा आवश्यक आयातका लागि पनि वित्तपोषण गर्न असमर्थ बनाएपछि महिनौंसम्म भएको सडक प्रदर्शनले र तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई राजीनामा दिन बाध्य बनाएको थियो ।

गत वर्षको सुरुमा प्राप्त २.९ अर्ब अमेरिकी डलरको ऋणमा कोलम्बोले कर वृद्धि गर्न, उदार ऊर्जा अनुदान हटाउन र घाटामा रहेका ५० भन्दा बढी राज्यद्वारा सञ्चालित उद्यमहरूको पुनर्संरचना गर्न सहमत हुन आवश्यक थियो । दिसानायकेका पूर्ववर्ती रनिल विक्रमासिंघेले चार वर्षमा २.९ अर्ब अमेरिकी डलरको ऋण वितरणसहित संकटग्रस्त श्रीलंकाको उद्धार सुनिश्चित गरेका थिए ।

गत नोभेम्बर १४ मा भएको चुनावमा नेसनल पिपुल्स पावर पार्टीले भारी मतान्तरले विजय हासिल गरेपछि संसद्मा आफ्नो पहिलो सम्बोधनमा दिसानायकेले बिहीबार आइएमएफको सम्झौताको समर्थन गरेका थिए । आर्थिक पतनका लागि जिम्मेवार ठहरिएका परम्परागत राजनीतिज्ञप्रतिको असन्तोष दिसानायकेको चुनावी सफलताको प्रमुख कारक थियो । दिसानायकेले अर्थतन्त्रको व्यवस्थापनमा कुनै गल्ती गर्ने ठाउँ नभएको बताउँदै आएका छन् ।

ब्रुएरका अनुसार भ्रष्टाचारविरुद्ध लड्ने नयाँ सरकारको प्रतिबद्धताले ‘शासकीय सुधारलाई पुनर्जीवित गर्ने छ,’ आर्थिक विश्वासको पुनर्निर्माण गर्ने छ र आर्थिक वृद्धिलाई थप मजबुत र समावेशी बनाउने छ । श्रीलंकाले यस वर्षको अन्त्यसम्ममा अन्तर्राष्ट्रिय मुद्रा कोषको बोर्डको स्वीकृतिको अधीनमा रहेर थप ३३ करोड ३० लाख अमेरिकी डलर झिक्न सक्ने छ । गत महिना दिसानायकेको अन्तरिम मन्त्रिपरिषद्ले विक्रमासिंघेले सहमति गरेको १४.७ अर्ब अमेरिकी डलरको विदेशी व्यावसायिक ऋणको विवादास्पद पुनर्संरचनामा हस्ताक्षर गरेका थिए । सन् २०२२ मा ७.८ प्रतिशतले खुम्चिएको श्रीलंकाको अर्थतन्त्रको पुनर्निर्माणका लागि ऋण पुनर्संरचना आइएमएफको प्रमुख माग हो । *रासस/एएफपी*

# इराकमा भएको हवाई आक्रमणमा पाँच जना आइएस लडाकुको मृत्यु



**बगदाद (इराक)–** इराकको उत्तरी प्रान्त किर्कुकमा गरिएको हवाई आक्रमणमा इस्लामिक स्टेट (आइएस) का पाँच जना लडाकुको मृत्यु भएको इराकी सेनाले शनिबार जनाएको छ ।

गुप्तचर रिपोर्टको आधारमा, इराकी सेनाले शुक्रबार प्रान्तीय राजधानी किर्कुकको पश्चिममा रहेको दुर्गम क्षेत्रमा आइएस लडाँकु लुकेको ठाउँमा हवाई आक्रमण गरेको इराकी संयुक्त अपरेसन कमान्डसँग सम्बद्ध मिडिया आउटलेट सुरक्षा मिडिया सेलले जनाएको छ ।

इराकी सेना र गुप्तचरको संयुक्त बलले शनिबार बम विष्फोट भएको स्थानमा पाँचजना ‘आतंककारी’ को शव फेला पारेको विज्ञप्तिमा उल्लेख गरिएको छ । विज्ञप्तिमा चार राइफल, दुई विष्फोटक बेल्ट, छ वटा हचान्ड ग्रेनेड, गोलाबारुदलगाएत सञ्चार उपकरणहरू पनि फेला पारेको उल्लेख गरेको छ ।

सन् २०१७ आइएसको पराजयपछि इराकको सुरक्षा स्थितिमा केही सुधार आएको थियो । यद्यपि, अझै पनि सहरी तथा दुर्गम क्षेत्रहरूमा लुकेका आइएसका अवशेषहरूले सुरक्षा बल र नागरिकहरूविरुद्ध बारम्बार आक्रमण गर्दै आइरहेका छन् । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६५५०० | प्रति तोला - ० | प्रति तोला - १९४० |



**बजार लैजाने तयारी |** म्याग्दीको बेनी नगरपालिका-४ सुर्केमेलामा शनिबार सुन्तला टिप्दै कृषकहरू । सुन्तला पाकेपछि टिपेर बजारमा पठाउन लागिएको छ । म्याग्दीमा वार्षिक २० करोड मूल्य बराबरको सुन्तला बिक्री हुने गर्छ । *तस्बिरः सन्तोष गौतम/रासस*

# चिलिमेका तीन आयोजनाबाट १६८ मेगावाट थपियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा रसुवामा सुरु भएका तीन वटा जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भएको छ । ती जलविद्युत् आयोजना निर्माण सम्पन्न भई एक सय ६८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । तीनवटै आयोजनाबाट उत्पादित विद्युत् रसुवाको आमाछोदिङ्मो गाउँपालिका थम्बुचेतस्थित प्राधिकरणले बनाएको २२०/१३२/३३ केभी सवस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिएको हो ।

कूल १४ दशमलव आठ मेगावाटको माथिल्लो साञ्जेन, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन र एक सय ११ मेगावाटको रसुवागढी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिएका हुन् । यसमध्ये माथिल्लो साञ्जेन गत वर्षको असोजमा निर्माण सम्पन्न भई व्यावसायिक रूपमा विद्युत् उत्पादन गरी हालसम्म करिब रु ३० करोडको विद्युत् बिक्री गरिसकेको छ ।

यस्तै, ४२ दशमलव पाँच मेगावाटको साञ्जेन जलविद्युत् आयोजनाको निर्माण सम्पन्न गरी शुक्रबारदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडी परीक्षणका रूपमा विद्युत् उत्पादन सुरु गरिएको छ । त्यस्तै, एक सय ११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको निर्माण सम्पन्न भई हाल परीक्षणका रूपमा विद्युत् उत्पादन गरिरहेको छ । परीक्षण उत्पादन सफल भएपछि एवं तोकिएको मापदण्ड पूरा गरेपछि साञ्जेन र रसुवागढीको व्यावसायिक रूपमा विद्युत् उत्पादन सुरु हुनेछ । दुवै आयोजनाबाट यही महिनाभित्रमा व्यावसायिक रूपमा विद्युत् उत्पादन हुनेछ । नदी प्रवाहमा आधारित ती आयोजनाबाट हिउँदयाममा करिब ८० मेगावाट मात्र विद्युत् उत्पादन हुन्छ । चिलिमे जलविद्युत् कम्पनीको अनुवाइमा दुई सय ७० मेगावाटका चार वटा आयोजना सुरु गरिएकामा सिन्धुपाल्चोकमा निर्माणाधीन एक सय दुई मेगावाटको मध्यभोटेकोसीबाहेक तीन वटा आयोजना सम्पन्न भएका हुन् ।

सबै आयोजना २०७२ सालको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पन एवं बाढीपहिरोले पुऱ्याएको क्षति तथा अवरोध, कमजोर भौगर्भिक अवस्था, विभिन्न आन्दोलनका कारण निर्माण सामग्री ढुवानी र इन्धन आपूर्तिमा आएको समस्या, प्रत्येक वर्षायाममा आयोजना क्षेत्रमा आइरहे ठूलो बाढी, पहुँच मार्गमा निरन्तर गइरहने पहिरो, कोभिड-१९ को महामारी, सामान आयातमा सिर्जित समस्यालगायतको चपेटामा परेका थिए । यसले गर्दा आयोजनाको निर्माण प्रभावित भएको थियो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विभिन्न कारणले जीर्ण बनेका चिलिमेका आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुनु ठूलो उपलब्धि भएको जानकारी दिए । 'म चिलिमे कम्पनीको प्रबन्ध-सञ्चालक भएकाबेला आमसर्वसाधारणको पनि लगानी रहनेगरी एकसाथ चारवटै आयोजनाको निर्माण अगाडि बढाइएको थियो, मुख्य रूपमा काबु बाहिरको परिस्थितिका कारण आयोजनाहरूको निर्माणमा केही समय लागे तापनि तीनवटै आयोजनाहरूको निर्माण सम्पन्न भई विद्युत् उत्पादन सुरु भएको छ, बढी विद्युत् माग हुने काठमाडौं उपत्यकाबाट नजिकै रहेका आयोजनाले हिउँदयाममा विद्युत् प्रणालीलाई सन्तुलन र भरपर्दो बनाउन सहयोग गर्नेछन्', कार्यकारी निर्देशक घिसिङले भने ।

भूकम्प, नाकाबन्दी, विदेशी मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन, निर्माण अवधि लम्बिँदा ऋणको ब्याजदर तथा प्रशासनिक खर्च बढ्दा लागतमा केही वृद्धि भएको छ । माथिल्लो साञ्जेन र सञ्जेन गरी दुवै आयोजनाको अनुमानित लागत निर्माण अवधिको व्याजबाहेक रु सात अर्ब ३५ करोड थियो । आयोजनाको प्रवर्द्धक साञ्जेन जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्पणबहादुर सिंहले निर्माण अवधिको व्याजबाहेक आयोजनाहरूको लागत रु नौ अर्ब २० करोड हुने अनुमान गरिएको बताए । उनले लागत अनुमानबमोजिम दुवै आयोजनाको अनुमानित लागत प्रति मेगावाट रु २२ करोड ५० लाख बराबर हुने देखिएको उल्लेख गरे । चिलिमेका चारवटै आयोजनाहरूमा कर्मचारी सञ्चय कोषले ऋण प्रवाह गरेको हो ।

कम्पनीमा चिलिमे जलविद्युत् कम्पनीको ३९ दशमलव ३६ प्रतिशत, प्राधिकरणको १० दशमलव ३६ प्रतिशत, रसुवाका स्थानीय तहको एक दशमलव २८ प्रतिशत संस्थापक शेयर छ । कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता र कम्पनीका संस्थापक संस्थाहरू (प्राधिकरण, चिलिमे र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तह) का कर्मचारीहरू तथा ऋणदाता संस्था (कर्मचारी सञ्चयकोष) का कर्मचारी, आयोजना प्रभावित रसुवावासी र सर्वसाधारणको गरी ४९ प्रतिशत साधारण शेयर छ ।

माथिल्लो साञ्जेन र साञ्जेनबाट वार्षिक रूपमा एक अर्ब ८० करोड युनिट विद्युत् उत्पादन हुनेछ । माथिल्लो साञ्जेनलाई विद्युत्को बढी माग हुने साँझको समय (पिक) दिउँसोको पानी जम्मा गरी ७०/७० मिनेट पूर्ण क्षमतामा चलाउन सकिन्छ । यसका लागि पिकिङ पोखरी निर्माण गरिएको छ । उक्त पोखरीमा पानी सञ्चय गरी साँझको समयमा थप विद्युत् उत्पादन गरी हिउँदयामका साँझको समयमा थप विद्युत् उत्पादन गरी प्रणालीलाई सन्तुलन बनाउन योगदान पुग्नेछ ।

# चार महिनामा साढे चार खर्ब व्यापार घाटा

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिनामा मुलुकले साढे चार खर्बभन्दा बढीको व्यापार घाटा व्यहोरेका छ ।

भन्सार विभागले सार्वजनिक गरेको चालु आवको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरणअनुसार यस अवधिमा रू पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख बराबरको आयात र रू ५२ अर्ब ६७ करोड बराबरको निर्यात भएको हो । यसरी कूल रू पाँच खर्ब ६६ अर्ब पाँच करोड ६७ लाखको वैदेशिक व्यापारमा रू चार खर्ब ६० अर्ब ७१ करोड ७३ लाख घाटा देखिएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात शून्य दशमलव १७ र निर्यात चार दशमलव १६ प्रतिशतले बढेको छ । नेपालको सबैभन्दा ठूलो वैदेशिक व्यापार साझेदार भारतसँग मात्र चार महिनामा रू दुई खर्ब ८१ अर्ब ११ करोड ६६ लाख घाटा व्यहोरेको छ । कात्तिक मसान्तसम्ममा भारतबाट रू तीन खर्ब १६ अर्ब ८८ करोड ५३ लाख बराबरको वस्तु आयात हुँदा रू ३५ अर्ब ७६ करोड ८७ लाख बराबरको निर्यात भएको छ ।

त्यस्तै नेपालको अर्को ठूलो वैदेशिक व्यापार हुने मुलुक चीनसँग रू एक खर्ब तीन अर्ब १८ करोड २५ लाखको आयात र रू ६८ करोड २३ लाख ७७ हजारको निर्यात हुँदा रू एक खर्ब दुई अर्ब ५० करोडको व्यापार घाटा देखिएको छ ।

पहिलो चौमासिकमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा धेरै देखिएको छ । कात्तिक मसान्तसम्ममा रू २९ अर्ब चार करोड २० लाख बराबरको डिजेल, रू २१ अर्ब ५६ करोड २९ लाख बराबरको पेट्रोल र रू १८ अर्ब ८५ करोड ९३ लाख बराबरको एलपी ग्यास आयात भएको छ । त्यस्तै रू १५ अर्ब ९६ करोड ९२ लाख बराबरको फलामजन्य वस्तु, रू १३ अर्ब ४० करोड ४८ लाख बराबरको स्मार्टफोन आयात भएको विभागको तथ्याङ्कबाट देखिन्छ ।

बढी निर्यात भएका वस्तुमा भने कार्पेट पहिलो स्थानमा देखिएको छ । चार महिनामा रू तीन अर्ब ६० करोड आठ लाख बराबरको कार्पेट निर्यात भएको छ । त्यस्तै सोयाबिन तेल रू तीन अर्ब ४१ करोड, चिया रू दुई अर्ब २१ करोड र अलैंची रू एक अर्ब ९० करोड बराबरको निर्यात भएको छ ।

# केराखेतीबाट वार्षिक १० लाख आम्दानी

**दोधारा चाँदनी–** जिल्लाको बेलौरी नगरपालिका-६ विद्यानगरका प्रताप राना सफल केरा किसानका रूपमा परिचित छन् । डेढ दशकदेखि व्यावसायिक रूपमा केराखेती गर्दै आएका रानाले केराखेतीबाट वार्षिक रु १० लाख बढी आम्दानी गरिरहेका छन् ।

राना जिल्लामा उत्कृष्ट कृषकका रूपमा सम्मानितसमेत भइसकेका छन् । सुरुआतमा पाँच बिघा जग्गामा केराखेती सुरु गरेका रानाले हाल १७ बिघामा खेती विस्तार गरेका छन् । राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकबाट रु २९ लाख ५० हजार ऋण लिएर केराखेती सुरु गरेको उनले बताए । अहिले केराखेतीबाट वार्षिक रु १० लाख भन्दा बढी आम्दानी हुने गरेको उनले जानकारी दिए ।

'केराखेती मेरो आम्दानीको मुख्य स्रोत हो, म यसैमा सन्तुष्ट छु', रानाले भने, 'वार्षिक रु २८ देखि २९ लाखसम्मको कारोबार हुने गरेको छ, सबै खर्च कटाएर वार्षिक रु १० लाखसम्म आम्दानी हुन्छ ।' केराखेतीको आम्दानीबाट घरखर्च चलाउनुका साथै कृषि औजार जोड्ने गरेको उनले बताए ।

कृषिमा प्रविधिको प्रयोग गरेपछि कम लागतमा धेरै आम्दानी हुन थालेपछि उनले पछिल्लो समय आम्दानीको केही अंश कृषिऔजार खरिदमा लगाउने गरेको बताए । 'कृषिमा अहिले थुप्रै प्रविधि आएको छ यसबाट कम लागतमा धेरै आम्दानी गर्न सकिन्छ', रानाले भने, 'अहिले खेती गर्दा प्रविधिको प्रयोग गर्ने गरेको छु, अहिले ड्रोन प्रविधिबाट खेती गर्ने प्रयास गरिरहेको छु ।'

कृषक रानाले केराखेती गर्न पर्याप्त जग्गा नहुँदा समस्या भएको गुनासो गर्नुभयो । 'मैले जग्गा भाडामा लिएर खेती गरिरहेको छु । यहाँ भाडामा पनि जग्गा पाइँदैन, पाइए पनि दुई/तीन वर्षका लागि मात्रै पाइन्छ', रानाले भने, 'लामो समयका लागि जग्गा भाडामा नपाउँदा थोरै क्षेत्रफलमा खेती गर्नु परेको छ ।' उनले लामो समयसम्मका लागि जग्गा भाडामा पाइए केराखेती विस्तार गर्दै लैजाने योजना रहेको बताए । खेतीमा प्रविधिको प्रयोगले उत्पादन र आम्दानी राम्रो हुन थालेको उनको भनाइ छ ।

'बीउबिजन र विषादीलगायत आवश्यक कीटनाषक औषधि छर्कन ड्रोन प्रविधिबाट खेती गर्ने तयारीमा छौं', रानाले भने, 'ड्रोन प्रविधिको प्रयोगले उत्पादन र आम्दानी बढ्ने आशा गरेका छौ ।' उनले पछिल्लो समय विषादी छर्किंदा किसानहरूको स्वास्थ्यमा समस्या हुने गरेको बताउँदै ड्रोन प्रविधिले कृषकको स्वास्थ्यमा हुने समस्या कम हुने विश्वास व्यक्त गरे । रानाले दुई जनालाई मासिक तलबमा कामदार राखेका छन् भने खेतीको सिजनको बेला ३०/४० जनालाई रोजगारी दिने गरेको बताए । उत्पादन गर्नसके बजारको समस्या नरहेको उनको भनाइ छ ।

'अहिलेसम्म बजारको समस्या भोग्नुपरेको छैन', रानाले भने, 'स्वदेशमै मेहनतका साथ काम गरे विदेश जानुपर्दैन ।' उनले यहाँ उत्पादित केरा अत्तरिया, दिपायल, डडेल्धुरा र दाङको तुलसीपुरसम्मका बजारमा जाने गरेको जानकारी दिए । उनले राज्यले किसानलाई सहयोग गर्ने नीति ल्याउएमा किसानलाई हौसला प्राप्त हुनुका साथै उत्पादन वृद्धिमा सहयोग पुग्ने बताए । *रासस*

# मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको निर्माण सुरू

**काठमाडौं (प्रस)–** मनाङ मर्स्याङ्दी जलविद्युत् कम्पनीद्वारा प्रवर्दित एक सय ३५ मेगावाट क्षमताको अर्धजलाशययुक्त मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनसँगै निर्माण प्रारम्भ भएको छ ।

आयोजना निर्माणका लागि वित्तीय व्यवस्थापन भएसँगै निर्माण प्रारम्भ भएको आयोजनाको लगानीकर्तामध्येको एक कम्पनी बुटवल पावर कम्पनी लिमिटेडले प्रेस विज्ञप्ति निकालेर जनाएको छ । गत महिना चीनको एक्जीम बैंकसँग कर्जा सम्झौता भएको थियो । सम्झौताअनुसार एक्जीम बैंकले एक अर्ब २४ करोड २५ लाख चिनियाँ युआनअर्थात् १७ करोड ५२ लाख ५० हजार अमेरिकी डलर ऋण लगानी गर्नेछ । बाँकी ऋण रकम अन्य स्रोतबाट जुटाइएको छ । आयोजनाको अनुमानित लागत ३२ करोड ३० लाख अमेरिकी डलर रहेको छ ।

आयोजनामा बुटवल पावर कम्पनीसँगै चिनियाँ कम्पनीहरू एसीआईजी इन्टरनेशनल लिमिटेड, सिङचेङ इन्टरनेशनल इन्भेष्टमेन्ट कम्पनी लिमिटेड र क्यूवाइइसी इन्टरनेशनल कम्पनी लिमिटेड र सो




कम्पनीहरूको संयुक्त लगानीको एसिआइजी इन्टर नेसनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनीको लगानी छ ।

आयोजनाको निर्माण चीनको सिनोहाइड्रो ब्युरो सेभेन कम्पनी लिमिटेडले र निर्माण सुपरीवेक्षण सोही नर्थवेष्ट इन्जिनियरिङ कम्पनीले गरिरहेको विज्ञप्तिमा जनाइएको छ । आयोजना निर्धारित कार्ययोजनाअनुरूप ४२ महीनाभित्र सम्पन्न गर्ने लक्ष्य छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ